IMPERIAL Business College
IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management
(Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epratekdaily.com

तीनै तहका सरकार
जिम्मेवार;
अन्त्य गरौं लैङ्गिक हिंसा र
दुर्व्यवहार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत ०३ गते मङ्गलवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्छ // 2021 March 16 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २००

## निजी विद्यालयले बढी शुल्क लिए कारबाई हुन्छ –कर्ण

प्रस, परवानीपुर, २ चैत/

पर्साका निजी विद्यालयहरूले मनपरी असोजदेखि नै मासिक शुल्कको माग गर्दै बिल काट्न थालेपछि विद्यार्थी नपढेको


तस्वीर: फाइल

बिल काट्न थालेपछि अहिले अभिभावकहरूमाथि आर्थिक भार बढेको गुनासो गरिएको छ।

कोरोना महामारीको कारण छठअगावै अधिकांश विद्यालय बन्द थिए। प्रविधिमा पहुँच भएका विद्यार्थीहरूको लागि माथिल्लो तहका कक्षा केही विद्यालयले अनलाइन माध्यमबाट चलाएका थिए भने छठपछि भौतिकरूपमा बिस्तारै कक्षा शुरू हुन थालेको थियो। निजी विद्यालयहरूको छाता सङ्गठन निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन)ले असोज ११ गतेदेखि भौतिकरूपमा कक्षा सञ्चालन गर्ने लक्ष्य राखे तापनि १३ गतेदेखि ८, ९, १० र त्यसपछि ६, ७, त्यसपछि ४, ५ र त्यसपछि नर्सरीदेखि कक्षा ३ सम्म कक्षा शुरू भएको थियो।

पुस १ गतेदेखि अधिकांश निजी विद्यालयले नर्सरीदेखि कक्षा १० सम्म भौतिकरूपमा मास्क, सेनिटाइजर, साबुन–पानीको प्रयोग गर्दै कक्षा सञ्चालन गरेका थिए। तर निजी विद्यालयहरूले अवधिको पनि रकम तिर्नुपर्ने झन्झटले अभिभावकहरू पिरोलिएका छन्।

अभिभावकहरूले जुन बच्चाले अनलाइन अथवा भौतिकरूपमा अध्ययन गरेका छैनन्, सो अवधिको शुल्क दिन आनाकानी गरिरहेका छन्। निजी विद्यालयहरूले विद्यार्थी र अभिभावकसँग अन्याय गरेको गुनासो बढेको छ। यस विषयमा प्याब्सनका कोषाध्यक्ष एवं साउथ जोन माविका प्रधानाध्यापक सरोज चौधरीले सरकारी निर्णय अनुसार आफूहरूले भौतिक कक्षाको गत असोजदेखि शुल्क लिने गरी अभिभावकसँग अनुरोध गरेको र त्यसमा पनि कुनै अभिभावकलाई समस्या भए सरकारको निर्देशन अनुसार पचास प्रतिशतसम्म छुट दिने गरेको बताए।

उनले असोजदेखि दशैं, तिहार, छठको समयमा विद्यालय बन्द भए तापनि सो समयको पैसा हरेक वर्ष अभिभावकले दिंदै आएकाले कतिपय अभिभावकले स्वेच्छाले पनि दिएको बताए। प्रविधिमा पहुँच भएका विद्यालयले अनलाइन कक्षा


अरविन्दलाल कर्ण

चलाइ अभिभावकलाई मासिक शुल्कको विषयमा जानकारी गराइएको बताए। उनले विद्यालयहरूले अभिभावकहरूसँग शुल्कको विषयमा आपसी सहमति अनुसार लेनदेन गरिरहेको बताए। कोरोनाकालमा बन्द अवधिमा शिक्षकलाई तलब नदिएको तर सो अवधिको अभिभावकसँग रकम लिनु निजी विद्यालयहरूको द्वैध चरित्र भएको अभिभावकहरूले आरोप लगाएका छन्।

वीरगंजका केही निजी विद्यालयले कोरोनाकालमा पनि शिक्षकहरूलाई तीसदेखि चालीस प्रतिशतसम्म तलबभत्ता दिएको दाबी गर्छन्।

यस विषयमा वीरगंज महानगरको शैक्षिक प्रशासन महाशाखाका प्रमुख अरविन्दलाल कर्णले सरकारले कात्तिकसम्म शुल्क नलिनु भनेर निर्देशन गरेको तर सोविपरीत निजी विद्यालयहरूले शुल्क लिइरहेको गुनासो आएको बताए। उनले अहिलेसम्म लिखित उजूरी नआएकोले कारबाई प्रक्रिया अगाडि बढाउन नसकिएको बताए। सरकारको निर्देशनविपरीत शुल्क लिने जुनसुकै विद्यालयलाई पनि कारबाई हुने आश्वासन उनले दिए।

## उपभोक्ताको स्वास्थ्यसँग खेलबाड नहोस्- प्रजिअ

प्रस, वीरगंज, २ चैत/

'प्लास्टिक प्रयोगमा निरुत्साहन,




वातावरण संरक्षणमा योगदान' नाराका साथ सोमवार वीरगंजमा अन्तर्राष्ट्रिय उपभोक्ता अधिकार दिवस विविध कार्यक्रमको आयोजना गरी मनाइएको छ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय र उपभोक्ता हकहित संरक्षण मञ्च पर्साको संयुक्त आयोजनामा घण्टाघरमा प्रभातफेरी र कोणसभा सम्पन्न गरिएको थियो। घण्टाघरबाट निकालिएको प्रभातफेरी नगरपरिक्रमा गरी घण्टाघरमा समापन भएको थियो।

समापन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी आसमान तामाङले उत्पादन गर्ने व्यक्ति पनि उपभोक्ता भएकाले उपभोग्य वस्तुको उत्पादन आफू अनुकूल गर्नुपर्ने सुझाव दिए। उनले उपभोक्ताको स्वास्थ्यसँग खेलबाड नगर्न आग्रह गरे।


तस्वीर: प्रतीक

सरकारले लागू गरेको उपभोक्तासम्बन्धी कानून, नीति नियम पालना भए नभएको विषयमा निरन्तर नियमनकारी निकायको अनुगमन हुँदै आएकोमा अझै प्रभावकारी देखाउनुपर्ने आवश्यकता रहेको उनले बताए।

उपभोक्ता हकहित संरक्षण मञ्च प्रदेश २ का अध्यक्ष केसी लामिछानेले वीरगंज महानगर उपभोक्तामैत्री नभएको आरोप लगाए। उनले सङ्घ सरकारले उपभोक्तासम्बन्धी कानून ल्याए पनि प्रदेश सरकार र स्थानीय तहले अहिलेसम्म कार्यविधि र निर्देशिकासमेत तयार नगरेको बताए। उनले उपभोक्ता हकहितका लागि सरोकारवालाहरूको चासो फितलो देखिएको र यसमा तदारूकता देखाउनुपर्ने आवश्यकता रहेको बताए।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता

(बाँकी अन्तिम पातामा)

## छात्रा दुर्व्यवहारको आरोपमा प्रअ चौरसियामाथि कारबाई

प्रस, परवानीपुर, २ चैत

पठनपाठनको सिलसिलामा कक्षाकोठामा छात्राहरूसँग दुर्व्यवहार गरेको आरोपमा नेपाल रेलवे मावि, गोश्वारा रोडका प्रधानाध्यापक दिनेश चौरसियामाथि कारबाई भएको छ।

प्रअ चौरसियाले विद्यालयका छात्राहरूसँग अश्लील व्यवहार गरेको गुनासो आएपछि उनीमाथि कारबाई भएको हो। भर्खरै एक कार्यक्रममा नगरप्रमुख सो विद्यालयमा प्रमुख अतिथि भएर गएका बेला छात्रा एवं अभिभावकले दुर्व्यवहारको बारेमा जानकारी गराएका थिए। सोसम्बन्धी जानकारी पाएलगत्तै नगरप्रमुख विजयकुमार सरावगीले प्रअ चौरसियालाई वीरगंज महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखामा तानेका थिए। उनलाई अहिले त्यहाँ सम्पर्क व्यक्तिको रूपमा राखिएको छ। प्रअको जिम्मेवारीबाट उनलाई वञ्चित गरिएको छ।

शैक्षिक महाशाखा प्रमुख अरविन्दलाल कर्णले उजूरीपछि निजमाथि कारबाई भएको पुष्टि गरे। उनले यस सम्बन्धमा थप अनुसन्धान भइरहेको र कसूर पुष्टि भएमा सोहीअनुरूप कारबाई हुने बताए। आरोप सम्बन्धमा प्रअ चौरसियाले आफूमाथि कारबाई भएको अस्वीकार गरे। उनले विद्यालयबाट आफूलाई काजमा महानगरको शैक्षिक महाशाखामा तानिएको बताए। उनले छात्राहरूलाई दुर्व्यवहार नगरेको दाबी पनि गरे।

## दोस्रो चरणको खोप पर्सामा दुई दिन थप

### ज्येष्ठ नागरिकको उत्साहजनक सहभागिता

प्रस, वीरगंज, २ चैत/

दोस्रो चरणको कोरोनाविरुद्धको खोप सोमवार समाप्त भएपनि पर्सा जिल्लामा दुई दिन थप गरिएको छ।

सरकारले दोस्रो चरणको खोप फागुन २३ देखि शुरू गरी चैत २ गतेसम्मको समयसीमा दिएको थियो। तर पर्सा जिल्लामा खोप मौज्दात भएको कारण दुई दिन थप गरिएको स्वास्थ्य कार्यालय, पर्साका प्रमुख कामेश्वर चौरसियाले बताए। उनले २३ गतेदेखि शुरू भएको खोप प्रतिदिन अनुमानित ५ हजारजनालाई लगाइएको बताए। उनले आइतवार साढे ४ हजार र सरकारले तोकेको अन्तिम दिन आज करीब ५ हजारजनालाई खोप लगाइएको बताए।

पर्सा जिल्लाको वीरगंज महानगरपालिकाको ३२ वटै वडा, बहुदरमाई नगरपालिका, कालिकामाई, पकाहामैनपुर, धोबिनी, विन्ध्यवासिनी, छिपहरमाईलगायत सातवटा स्थानीय पालिकामा खोप लगाइएको उनले जानकारी गराए। वीरगंज महानगर र अन्य पालिकाहरूमा ज्येष्ठ नागरिकलगायत यसअघि खोप लगाउन बाँकी रहेका मानिसहरूको उत्साहजनक सहभागिता रहेको उनले जानकारी गराए।

पहिलो र दोस्रो चरणमा पर्सा जिल्लामा खोप लगाएका कसैलाई गम्भीर समस्या नदेखिएको पनि उनले बताए। उनले सामान्यतया खोप लगाएको दिन शरीर दुख्ने, ज्वरो आउने जस्ता सामान्य


खोप लगाउन पालो कुर्दै ज्येष्ठ नागरिकहरू। तस्वीर: प्रतीक

समस्या देखिए पनि भोलिपल्ट सोको निराकरण भएको बताए।

दोस्रो चरणमा ६५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरूलाई कोरोनाविरुद्धको खोप दिइएको थियो।

यसैगरी, यसअघि निर्धारण गरिएको मापदण्डमा रही कोरोनाको खोप लिन बाँकीहरूलाई पनि दोस्रो चरणमा खोप दिइएको प्रमुख चौरसियाले बताए।

## जीराभवानी मेलामा मासु–मदिराको आकर्षण

प्रस, सेढवा, २ चैत/

महाशिवरात्रिको दिनदेखि लागेको जीराभवानी मेलाको यस वर्षको प्रमुख


मेला स्थलमा मासु बेच्दै। तस्वीर: प्रतीक

आकर्षण पनि मासु र मदिरा नै रह्यो। केही वर्षदेखि बिहारमा मदिरामाथि प्रतिबन्ध लागेपछि मेला भर्न आउने नाममा भारतीयहरू मदिरा र मासुमा रुमलिने गरेका छन्।

मेलामा प्रत्येक दिन करीब पचास क्विन्टल कुखुरा, खसी र बङ्गुरको मासु खपत हुने गरेको अनुमान गरिएको छ। माछाको खपत पनि मेलामा बढेको छ। मेलामा रहेका अधिकांश स्टल मासु र मदिराका छन्।

फागुन २७ गतेदेखि १० दिनसम्मको लागि लागेको यस वर्षको मेलामा अन्य वर्षको तुलना मेला भर्न आउनेहरूको सङ्ख्या बढेको छ।

मेला समितिका अध्यक्ष बालेश्वर चौरसियाले यस वर्ष मेला भर्न आउनेहरूको सङ्ख्या बढेको बताए। उनले कोरोनाको कारण अन्य ठाउँका धार्मिक मेला, महोत्सवहरू प्रभावित भएपनि पर्सा जिल्लाको जीराभवानी मेलामा आशाविपरीत भीड बढेको बताए। मेला भर्न पर्सा, बारा, रौतहट, मकवानपुर, चितवन र छिमेकी भारत, बिहारबाट


जीराभवानी मेलामा लगाइएका झुला। तस्वीर: प्रतीक

ठूलो सङ्ख्यामा श्रद्धालुहरू आउने गरेका छन्।

मेलामा खाद्य, पेयका साथै शृङ्गार र मनोरञ्जनका सामानहरू बिक्रीमा राखिएका छन्।

प्रशंसा र निन्दा एउटै सिक्काका दुई पाटा हुन्। प्रशंसाले हामीलाई हिम्मत दिन्छ भने निन्दाले आफूमा सुधार ल्याउने अवसर।

-विचारसार र सूक्तिहरू

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## चकनाचुर

**'जनमतको आधारमा पनि कम्युनिस्ट पार्टीले सत्ता कब्जा गर्न सक्छ,' भन्ने मान्यतामा जनताको बहुदलीय जनवाद अँगालेका नेकपा एमाले र १२ वर्ष सशस्त्र भूमिगत विद्रोहको भट्टीबाट आएको नेकपा माओवादी केन्द्रबीचको एकीकरण विश्व कम्युनिस्ट आन्दोलनको लागि एउटा पाठ थियो। पूँजीवादी र साम्यवादीबीचको प्रतिस्पर्धामा नेपाली कम्युनिस्टहरूको प्रयास एउटा प्रयोग पनि हो। 'जनताको बहुदलीय जनवाद' र 'नौलो जनवाद'को लक्ष्य लिएका दुई कम्युनिस्ट पार्टी अन्तिम लक्ष्यको बारेमा एकमत नभए पनि त्यसलाई दुवैतर्फको सार तत्त्व समेटिने गरी 'एक्काइसौं शताब्दीको जनवाद' नामकरण गरेर एउटै पथमा हिंड्ने तय भएको थियो। यद्यपि उक्त दुवै धारको मुद्दा एकताको राष्ट्रिय महाधिवेशनमा लान पाउने सहमति भएको थियो। भाषा, शब्द, अक्षर र एउटा मात्रामा समेत मत बाझिंदा विभाजन भइजाने कम्युनिस्ट पार्टीहरूको रोग नै हो। संसारकै कम्युनिस्टहरूको समस्या करीब मिल्छ। हरेक मुलुकमा थरीथरीका कम्युनिस्ट पार्टी छन्, विभाजनका कारण उनीहरू कमजोर छन्। यो अवस्थामा नेपाली कम्युनिस्टहरूको प्रयोगलाई महत्त्वका साथ नियालिएको थियो। मुलुकमा झन्डै दुई तिहाइको कम्युनिस्ट सरकार गठन हुँदा 'जनमतकै बलमा पनि लक्ष्य पहिल्याउन सकिन्छ' भन्ने भरोसा विश्व कम्युनिस्टमा पर्न थालेको थियो। तर नेकपाको गाईजात्राले उनीहरूको भरोसालाई चकनाचुर पारिदिएको छ।**

**मुलुकमा करीब सात दशकको अवधिमा धेरै उथलपुथल भएका छन्। जहानियाँ राणाशासन, बहुदलीय शासन व्यवस्था, एकदलीय पञ्चायती व्यवस्था, सक्रिय राजतन्त्र र सङ्घीय लोकतान्त्रिक गणतन्त्र मुलुकले भोगेको छ। व्यवस्था सञ्चालनमा राजनीतिक दल र तिनका उद्देश्यमा भर पर्ने तथ्य बुझेका नेपाली एकपटक कम्युनिस्ट पार्टीको एकलौटी सरकार हेर्न लालायीत थिए। मुलुकको परिवर्तन साम्यवादीहरूबाट सम्भव छ भन्ने आशा थियो। छोटो अवधिमा केही कम्युनिस्ट अगुवाले देखाएको निष्ठाप्रति विश्वास पनि थियो। कम्युनिस्ट पार्टी विभाजित रहँदा जनअपेक्षा पूरा हुन पाएको थिएन। जब दुई ठूला कम्युनिस्ट पार्टी मिलेर 'नेकपा' बन्यो, तब मौका चुक्न नदिई मतदाताले उक्त दललाई अत्यधिक बहुमत दिए। जनमत तथा जनभावनालाई बुझ्न नसकेका कम्युनिस्ट नेताहरूको गति छाडा चालले भने मुलुकवासीको आशा, भरोसा तथा विश्वासमा कुठाराघात भएको छ।**

**अदालतले माओवादी केन्द्र र एमालेलाई पूर्ववत् अवस्थामा नफर्काएको भएपनि नेकपा फुटिसकेको थियो। उनीहरूबीच नाम र चुनाव चिह्न हत्याउने तिकडमबाजी चलिरहेको बेला अदालतको फैसला आएको हो। दुई तिहाइनजीक पुगेको कम्युनिस्ट पार्टी दुई फ्याक मात्रै नभएर अघोषितरूपमा पाँच टुक्रा भइसकेको छ। प्रचण्ड र बादल समूहबीच विभाजन भयो। बादल अहिले ओलीको पार्टीमा देखिन थाले पनि स्वार्थ बाँझिने बित्तिकै फेरि टुक्रा पर्छ। ओली र नेपाल समूह टुक्रिसकेको छ। वामदेव समूह पनि आफ्नै तयारीमा छ। उता प्रचण्ड र नारायणकाजीहरू एउटै पार्टीमा भएपनि प्रतिशत कोटाको भरमा जोडिएको हो। स्पष्ट विभाजित भएपनि सांसद पदको ग्लुले केही समूह जोडिएको जस्तो देखिएका छन्। चुनाव घोषणा भइजाने हो भने को कता पुग्छन् भन्न सकिन्न। अर्कोतर्फ पार्टी जति कमजोर हुँदै जान्छ, टुक्रा पर्ने क्रम पनि त्यति नै बढी हुन्छ। जुन क्रम शुरू भइसकेको छ।**

# अदालती फैसलापछिको राजनीतिक परिदृश्य

स्वतन्त्र विचार



अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com

**कम्युनिस्टले सरकार पक्षधरबाहेकको समर्थन पायो भने काङ्ग्रेसको नेतृत्वमा सरकार गठन हुन सक्ने देखिन्छ, तर कम्युनिस्टको बहुमतको सरकारलाई ढालेर गैरकम्युनिस्टको अल्पमतको सरकार बनाउन कम्युनिस्ट नेताहरू नैतिकरूपले अघि सर्लान् भन्ने न व्यावहारिक देखिन्छ, न सैद्धान्तिक नै।**

वर्तमान सङ्घीय गणतन्त्रात्मक संविधानद्वारा भएको चुनावबाट गठित पूर्ण बहुमतको सरकारले लगभग २ वर्ष कार्यकाल छँदै संसद् विघटन गऱ्यो जसको घोर विरोध मात्र भएन, अदालतमा मुद्दा पऱ्यो जसलाई सर्वोच्च अदालतको संवैधानिक इजलासले संसद् विघटन भएको ६६ दिनपछि सरकार र राष्ट्रपतिको निर्णयलाई असंवैधानिक घोषणा गर्दै संसद् पुनर्बहाल गर्ने न्यायिक आदेश गऱ्यो। फलस्वरूप विघटित संसद् ब्युतिसकेको छ। अदालती निर्णयले संसदीय सर्वोच्चताको कल्पना गरेको मुलुक पुनः न्यायिक सर्वोच्चताको स्थानमा आइपुगेको छ। यसले नयाँ संविधानको संविधानवाद एवं संविधान निर्माताको तत्कालीन आशयलाई जीवन्तता दिएको छ। यसबाट संविधानविपरीत कार्य व्यवहार रोकिने निश्चित त भएको छ नै, शक्ति सन्तुलनको पनि राम्रो अभ्यास भएको पुष्टि गरेको छ। तेस्रो अङ्ग उपर जनआस्था अझै उकासिएको छ, जुन लोकतान्त्रिक मूल्य, मान्यता एवं सक्षम तथा स्वतन्त्र न्यायपालिकाको लागि पनि सकारात्मक कुरा हो।

अदालतको यस फैसलापश्चात् आम जनताले राहतको ठूलो सास फेरेको थियो। यो राजनीतिक स्थिरताको सङ्केत पनि हो। अब उप्रान्त राजनीतिकर्मीहरू संविधकान र जनताविपरीत राजनीतिक अस्थिरता सिर्जना गर्ने उद्यम गर्दैनन् भन्ने आशा जागेको थियो। तर त्यसमा तुषारापात भएको छ। फैसलापश्चात् जनता पुनः चिन्ताग्रस्त भएको छ। एउटा सरकारले चालेको कदम अदालतबाट असंवैधानिक ठहर भएपछि नैतिकताको आधारमा मार्ग खुला हुनुपर्ने थियो तर त्यस्तो भएन। झन् चुनौती बढदै गएको छ। सरकारले विपक्षी खेमालाई चुनौती दिंदै विगतभन्दा बढी शक्तिशाली भएको दाबी गर्दैछ भने सरकार परिवर्तनको खेलमा सांसदहरूलाई आकर्षित गर्ने रणनीति पनि बढेको छ। पार्टीहरूबीच नै दुई खाले धार देखिंदैछ। केही पार्टी विभाजित भइसकेका छन् भने केही राजनीतिक सौदाबाजीमा लागेकाले पार्टी विभाजन र विगतभैं सांसदहरूको मोलतोलजस्ता घृणात्मक अभ्यास त शुरू हुने होइन भन्ने आम जनतामा चिन्ता बढेको छ। रस्साकस्सीबीच बनेको कसैको नेतृत्वको सरकारले तलब भत्ता खानेबाहेक, खासै रचनात्मक काम गर्ने सम्भावना नै छैन। यसको मुख्य कारण अब बन्ने सरकारसँग समय छैन भने विकास गर्नका लागि बजेट छैन।

अब बन्ने सरकारसँग सहकार्य एवं समन्वयको सर्वथा अभाव हुने निश्चित छ। बहुमतको सरकारलाई सहयोग गर्न नसक्नेले गठबन्धन सरकारलाई राम्ररी चल्न देला भन्ने अपेक्षा गर्नु निरर्थक नै हो। संसद्को गणित हेर्दा नयाँ सरकार बन्नुभन्दा पुनः संसद् विघटनको मार खेप्नुपर्ने चिन्ता बढी छ। अबको विघटन त संवैधानिक प्रक्रिया पूरा गरेर हुनेछ, जसलाई अदालतले पनि बदर गर्न सक्दैन। संसद्को गणित हेर्दा एमालेको १२० सिटमध्ये ४० जना एकातिर र ८० मध्ये केही पद रिक्त भई बाँकी ७६ अर्कोतिर छ। विपक्षी दलसँग ६१ सिट छ भने अर्को विपक्षी दलसँग ३२ सिट छ, जसमा अहिले पनि ठूलो दलको रूपमा सरकारकै दल छ। समर्थन फिर्ता भएपछि एकभन्दा बढी दल मिलेर सरकार बनाउने अवस्था आउँछ, त्यसपछि ठूलो दलको। काङ्ग्रेसले आफ्नो नेतृत्वको सरकारबाहेकको अवस्थामा सरकारमा नजाने सङ्केत देखाएको छ। काङ्ग्रेस नेतृत्वको सरकारको लागि मधेसवादी र काङ्ग्रेस मिलेर १३८ पुग्ने अवस्था छैन।

कम्युनिस्टले सरकार पक्षधरबाहेकको समर्थन पायो भने काङ्ग्रेसको नेतृत्वमा सरकार गठन हुन सक्ने देखिन्छ, तर कम्युनिस्टको बहुमतको सरकारलाई ढालेर गैरकम्युनिस्टको अल्पमतको सरकार बनाउन कम्युनिस्ट नेताहरू नैतिकरूपले अघि सर्लान् भन्ने न व्यावहारिक देखिन्छ, न सैद्धान्तिक नै। यद्यपि राजनीतिमा कुनै कुरा असम्भव हुँदैन, तापनि कम्युनिस्टको बहुमतको सरकार ढालेर गैरकम्युनिस्ट नेतृत्वको सरकारमा जान कम्युनिस्ट नेताहरूलाई गाऱ्हो हुन्छ र यसले आगामी चुनावमा निकै चुनौती खेप्नुपर्छ। यस्तो गर्दा मतको सङ्कट त हुन्छ नै, र जुन सरकारको विरोध गरेका थिए त्यही सरकार आफ्नो कार्यकर्ताको नजरमा सही साबित हुन्छ। कम्युनिस्ट सिद्धान्त बोकेको सरकार गैरवामपन्थीमा विलय भयो भन्ने सन्देश पनि कार्यकर्तामा जान्छ। वर्तमान सरकारबाहेक नेपाली काङ्ग्रेस नेतृत्वको सरकारको विकल्प देखिएको छैन। वर्तमान सरकारकै नेतृत्वले निरन्तरता पायो भने यत्रो बखेडा किन ? जनताको सीधा प्रश्न हुन्छ। यसबाट वर्तमान सरकार सही र विरोधकर्ता गलत देखिने छन्। विरोधकर्ताले नै सरकारलाई राम्ररी काम गर्न नदिएको अरोप लाग्छ। यस्तो भयो भने सबैभन्दा बढी असफल प्रचण्ड, माधव र झलनाथ खनालको नेतृत्व हुनेछ। अर्थात् अबको सरकारको नेतृत्व ओली वा देउवाबाहेक अन्यको सम्भावना नै देखिंदैन। यी दुवैमध्ये जसको नेतृत्वमा सरकार गठन भए पनि चुनौती विरोधी कमयुनिस्ट खेमाले नै बेहोर्नुपर्छ।

यसर्थ प्रचण्ड-माधव नेतृत्व निकै सचेत भएर अघि बढ्नुपर्ने देखिन्छ। नभए घर न घाट हुने जोखिम छ। अहिलेको सरकारले विकास कार्य गर्ने सम्भावना छैन, तर चुनाव गराउने निश्चित छ। यसर्थ अब बन्ने सरकार चुनावी सरकारको रूपमा रहने अवस्था छ, जसको कुनै अर्थ छैन।

अहिले मधेसवादी दलहरूसँग छलफलको अनुपात बढेको छ। कहिले कुन दलसँग, त कहिले कुन समूहसँग छलफल हुँदैछ। मधेसवादी दलमा पनि दुईवटा खेमा देखिएको छ। एउटा ओली नेतृत्व स्वीकार नगर्ने अडानमा छ भने अर्को जसको पनि नेतृत्व स्वीकार गर्न सकिने तर मधेसको मुद्दा सम्बोधन हुनुपर्ने आशय प्रकट गर्दैछ। मधेसी मुद्दामा पहिलो एजेन्डा संविधान संशोधन हो। मधेसवादीको साथ लिन कुनै पनि नेतृत्वले यो कुरा स्वीकार गर्ने सम्भावना बलियो छ, किनभने यो पूरा नहुने स्वीकारोक्ति हुनेछ। संविधान संशोधन गर्न संसद्मा दुईतिहाई बहुमत चाहिन्छ। त्यसमा पनि मधेसवादीको माग त प्रदेशको सीमाङ्कन हेरफेर गर्ने हो, जसका लागि बहुमत प्रदेशको पनि समर्थन चाहिन्छ, जसको कुनै सम्भावना छैन। यतिका वर्ष सरकार बाहिर बसेका मधेसीले मधेस विकासको लागि केही गर्न नसकेको अवस्थामा, फेरि सरकारमा गएर मधेसको विकास गरेनन् भने आउने चुनावमा मधेसी जनतालाई जवाफ दिन कठिन हुनेछ।

मधेसी जनताले सोध्नेछ- भोट दिएको हो दुईवटा कामको लागि। एउटा संविधान संशोधन र अर्को मधेसको विकास। पाँच वर्षमा दुवै काम हुन सकेन। दुईपटक सरकारमा गएपनि संशोधन प्रस्तावसम्म छलफल गराउन सकेन। अब केको लागि मत दिने भन्ने आम प्रश्न हुनेछ। यसमा मधेसवादीहरू अनुत्तरित नै हुनेछन्। यस अवस्थामा मधेसवादीहरू उपर मतको चुनौती बढ्ने छ, जसको लाभ गैरमधेसवादी दलले पाउने छन्। सरकारमा नजाँदा कमसेकम त्यस्तो प्रश्न उब्जने छैन र संसद्मा शक्ति कम भएकोले केही गर्न नसकेको तर्कले बचाउ गर्नेछ। जनताको पनि चित्त बुझ्छ। यसर्थ अहिले बन्ने सरकार चुनावी सरकार मात्र हुने भएकोले अबको सरकारमा मधेसवादीहरू कुनै पनि कारण देखाएर जानु उचित देखिन्न। यही हो आम मधेसी जनताको अपेक्षा। अबको सरकार जो सुकैको होस्, तर स्थिर होस्। सबैको सहयोग-समर्थन लिएर अगाडि बढोस् भन्ने आम नेपालीको अपेक्षा छ। अब पनि नेताहरूबीच समझदारी कायम भएन भने २००७ देखि २०१५ साल र २०४८ सालदेखि २०६३ सालसम्मको फोहोरी राजनीतिक दृश्य देख्न जनता बाध्य हुन्छ। यसबाट सामन्तवादले मलजल पाउँछ। आशा गरौं नेताहरू आम जनताको अपेक्षा पूरा गर्न सफल होलान्।

# वातावरण संरक्षण र पर्यापर्यटन विकासलाई प्राथमिकता- सेना

काठमाडौं, २ चैत/रासस

नेपाली सेनाले पछिल्ला दिनमा वातावरण संरक्षण तथा पर्यापर्यटन विकास र विस्तार कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाएको छ। सेना दिवसका अवसरमा पर्सा राष्ट्रिय निकुञ्जलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने ध्येयले सेनाले निजगढ र जीतपुरका स्थानीय तहको सहकार्यमा 'आधाभार-हात्तीसार जङ्गल फायरलेन क्रस कन्ट्री ५५ किमी साइक्लिङ २०७७' आयोजना गऱ्यो।

सो कार्यक्रमको समापनका अवसरमा प्रदेश नं २ का मुख्यमन्त्री लालबाबू राउत गद्दीले राष्ट्रिय निकुञ्जलाई पर्यटन गन्तव्यका रूपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षक कार्यक्रम घोषणा हुन आवश्यक रहेको बताए। उनले भने, "निकुञ्ज क्षेत्रलाई पर्यटन गन्तव्यका रूपमा विकास गर्न सके स्थानीयवासीको जीवनस्तर उकास्न योगदान पुग्छ, राज्यको समेत आयस्रोत बढ्छ।"

जिल्लास्थित नेपाल पर्यटन बोर्ड, होटेल एशोसिएशन अफ नेपाल र साइक्लिनिङ राइडरको समन्वय र सहकार्यमा आयोजना गरिएको ५५ किमी

(बाँकी पाँचौं पातामा)

## कठिन विषयको प्रतिक्रिया लेख्ने जमर्को

पाठक प्रतिक्रिया

१ गते प्रतीकको लेख 'कर्मजन्य संस्कारबाट मुक्ति' पढें। यसमा संस्कार, परिवर्तन, पुनर्जन्म र मुक्तिमाथि विवेचना गरिएको छ। महावृषका गुरुले बुझेका थिए कि महावृष र रत्नाली कर्तव्यबाट मुक्त भएका छैनन्। त्यसैले उनले भने- "तिमी अझ योगसाधनाको योग्य भएका छैनौं। कर्म बाँकी छ, चित्तमा त्यसको लालसा उत्पन्न भएर योगसाधनामा बाधा पुऱ्याउँछ।" महावृषलाई पुत्रीको विवाह गर्न बाँकी थियो।

मेरो आफ्नै उदाहरण त उपयुक्त नहोला तर पनि भनेर फरक पर्नेछैन। एउटा मानिस जेलबाट छुट्यो र वितरागी भएर साधु बन्यो। कर्मको लालसा बाँकी थियो। फर्केर विवाह गऱ्यो तर फेरि अयोध्या नै फर्क्यो। अब उसमा कर्म, संस्कार वा लालसा बाँकी रहेन। यहाँ कर्म, संस्कार र लालसालाई एउटै कुरा मान्नुपर्छ। तर गौतम बुद्धका लागि यस संस्कारजन्य कर्मबाट मुक्तिको प्रश्न कहाँ थियो ? उनी त स्त्री-पुत्र छाडेर पनि योगसाधना प्राप्त गरे। अतः महावृषका गुरुले भनेको कुरा गौतम बुद्धमा लागू हुँदैन। दोस्रो बुँदा छ, परिवर्तनको। मेरो विचारमा महावृष र रत्नालीको संवादमा केवल आत्मिक परिवर्तनको मात्र चर्चा छ किनभने त्यसमा समयको विवरण छैन। चित्तभूमिको परिवर्तनले आत्मिक परिवर्तन हुन्छ र केही मात्रामा भौतिक पनि। यदि कुनै पुरुषले लामो समयसम्म स्त्रीको भूमिका गर्छ भने त्यो स्त्रैण स्वभावको बन्दै जान्छ। यसलाई हामीले नाटकको पात्रमा हेर्न सक्छौं। नारी चित्तको भूमिकाले गर्दा यस्तो हुन्छ। भौतिक परिवर्तन समयले गर्छ। मान्छे शिशु, जवान र बूढो हुन्छ। यो काम केवल समयले गर्छ। चित्तको यसमा कुनै हात छैन। अतः हामी के भन्न सक्छौं भने समयले प्रायः आन्तरिक परिवर्तनलाई छुँदैन तर आन्तरिक अथवा चित्तको परिवर्तन भौतिक परिवर्तनसम्म पुग्छ। चैतन्य महाप्रभु त्यही चित्त परिवर्तनले नै कृष्णको नायिकाजस्ता देखिन्छन्। रामकृष्णले अनेक भावले भगवद्भक्ति देखाए। जब उनी स्त्री भावले भक्ति गर्थे, तब उनको हाउभाउ स्त्रीजस्तो हुन्थ्यो। तेस्रो बुँदा हो पुनर्जन्म। यही एउटा यस्तो कुरा छ, जसमा दुनियाँ दुई भागमा विभक्त छ। वैज्ञानिक वा अरू धेरैले भन्छन्- पुनर्जन्म हुँदैन। तर हाम्रो धर्मले यसका अनेक दृष्टान्त र महात्म्य पेश गरेका छन्। यसमा विश्वास गर्नुबाहेक वैज्ञानिक प्रयोग गरेर देखाउने कुनै उपाय छैन। कीटपतङ्ग योनिमा खसाल्ने वा दैव योनिमा उचाल्ने काम आफूले गर्ने कुरा कृष्णले गीतामा भनेका छन्। त्यही गीता शिरमा राखेर पश्चिमाहरू नाचेकासमेत छन्। तर पनि यस कुराको प्रमाण कसैले दिन सक्दैन। अब कुरा रह्यो मुक्तिको।

यसको अर्थ हुन्छ, जीवनमरणको चक्रबाट छुटकारा पाउनु। कसरी थाहा पाउने कुनै व्यक्ति मुक्त भयो कि भएन ? यसमा मेरो विचार यो छ कि यो जीवनकालमा नै देख्नुपर्छ। जो जीवनकालमैं मुक्त हुन सकेन, मरणोपरान्त कसरी मुक्त हुन सक्छ ? सन्न्यासी, ऋषि र महात्माहरूलाई हेर्नुस्। हेर्दैमा उनीहरू भव्य, निस्पृह र अलमस्त देखिन्छन्। यस्ता मानिस साधारण वर्गमा पनि कहीं कुनै गाउँमा भेटिन सक्छन्। उनीहरू जीवनकालमा नै मुक्त भइसकेका छन्। त्यस्ता मात्र मुक्त हुन्छन्, अन्य होइन।

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४४८

# मुलुकको समृद्धिमा चेम्बरको भूमिका महत्त्वपूर्ण –राष्ट्रपति भण्डारी

काठमाडौं, २ चैत/रासस

राष्ट्रपति विद्यादेवी भण्डारीले मुलुकको समृद्धिमा नेपाल चेम्बर अफ कमर्सको महत्त्वपूर्ण भूमिका रहेको बताएकी छन्।



कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रपति भण्डारी। तस्वीरः रासस

नेपाल चेम्बर अफ कमर्सद्वारा आफ्नो ७०औं वार्षिकोत्सवका अवसरमा सोमबार शीतल निवासमा आयोजित कार्यक्रममा राष्ट्रपति भण्डारीले मुलुकको आर्थिक विकासमा चेम्बर अफ कमर्सले अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको बताइन्।

“सरकारको ‘समृद्ध नेपाल सुखी नेपाली’ अभियानमा चेम्बर सहयोगी बनेको छ,” उनले भनिन्, “औद्योगिक उत्पादन बढाएर देशलाई आर्थिकरूपमा समृद्ध बनाउन चेम्बरले विशेष जोड दिनुपर्छ।”

राष्ट्रपति भण्डारीले विदेशमा व्यापार बढाउन चेम्बरले विभिन्न प्रदर्शनी सञ्चालन गर्दै आएको स्मरण गर्दै स्वदेशी उत्पादनमा जोड दिन चेम्बर अफ कमर्सँग आग्रह गरिन्। “अहिलेको आवश्यकता स्वदेशी उत्पादन बढाउनु हो,” उनले भनिन्। राष्ट्रपति भण्डारीले महिलाको आर्थिक अवस्था सुधार गर्न चेम्बरले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताउँदै दैवी विपद्का घटनामा सहयोग गर्दै आएकामा चेम्बर अफ कमर्सलाई धन्यवाद दिइन्। चेम्बरले सबैसित सहकार्य गरी मुलुकको विकासमा टेवा पुऱ्याउनुपर्नेमा उनले जोड दिइन्।

कार्यक्रममा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुक समृद्धिको यात्रामा अघि बढिरहेको उल्लेख गर्दै सरकार निजी क्षेत्रसित सहकार्य गरी समस्या समाधान गर्न अग्रसर रहेको बताए। उनले आगामी आर्थिक वर्षको बजेटमा चेम्बर अफ कमर्सले दिएका सुझाव समेटिने आश्वासन दिँदै अर्थतन्त्र सबल बनाई रोजगार सिर्जना गर्न चेम्बर अफ कमर्सलाई सुझाव दिए।



नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठले चेम्बरले सरकार र निजी क्षेत्रबीच पुलको काम गर्दै आएको बताउँदै देशको समृद्धिका लागि सरकारसँग हातेमालो गर्न आफूहरू तयार रहेको स्पष्ट पारे।

सो अवसरमा राष्ट्रपति भण्डारीले नेपाल चेम्बर अफ कमर्सका संस्थापक अध्यक्ष, पूर्वअध्यक्ष तथा निवर्तमान र वर्तमान अध्यक्षलाई सम्मानपत्र र मायाको चिनोसहित सम्मान गरेकी थिइन्।

# लहानस्थित मालपोत कार्यालय ठप्प

लहानस्थित मालपोत कार्यालय ठप्प
लहान, २ चैत/रासस

जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी)ले गराएको बम विस्फोटका कारण सिराहाको लहानस्थित मालपोत कार्यालय ठप्प भएको छ। कार्यालय ठप्प हुँदा कामकाज प्रभावित भएको छ भने त्रासका कारण कर्मचारी कार्यालय पुग्न डराइरहेका छन्।

हिजो दिउँसो बम विस्फोट हुँदा कार्यालयका एक कर्मचारीसहित आठजना घाइते भएका थिए भने कार्यालयको पहिलो तलामा रहेको तीनवटा काउन्टर क्षतिग्रस्त भएको कार्यालय प्रमुख दीपेन्द्र चौधरीले जानकारी दिए। प्रहरीसँग समन्वय गरी कार्यालय भवनको सरसफाइ गराइरहेको उनले बताए।

बम विस्फोटपछि लागेको आगोले कार्यालयका महत्त्वपूर्ण कागजात जलेर नष्ट भएकाले कार्यालय सञ्चालनबारे तत्कालै केही भन्न नसकिने प्रमुख चौधरीको भनाइ छ। बम विस्फोटको जिम्मा जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी)ले लिएको छ।

यसैबीच, मालपोत कार्यालयमा बम विस्फोट भएपछि स्थानीय प्रशासनले जिल्लास्थित सबै कार्यालयको सुरक्षा व्यवस्था कडा बनाउन निर्देशन दिएको छ। सिराहाका निमित्त प्रमुख जिल्ला अधिकारी कृष्णकुमार निरौलाले सूचना जारी गर्दै आआफ्नो कार्यालयको सुरक्षा व्यवस्था कडा बनाउन कार्यालय प्रमुखलाई निर्देशन दिए।

कार्यालयभित्र र बाहिर कुनै शङ्कास्पद वस्तु रहे नरहेको बारम्बार निरीक्षण गर्ने गराउने, सेवा लिन आउने सेवाग्राहीको व्यवहारलाई सूक्ष्म निगरानीका लागि सिसी क्यामेरा जडान गर्ने, सेवाग्राही कार्यालय प्रवेश गर्नुपूर्व ल्याएका ब्याग, झोला नियमित जाँच गर्ने व्यवस्था मिलाउने कार्य गर्न निर्देशन दिइएको छ।

यसैगरी, सेवाग्राहीको व्यवहार शङ्कास्पद देखिए वा साथमा त्यस्ता अन्य कुनै वस्तु रहेको शङ्का लागेमा तुरुन्तै जाँच गर्ने वा नजीकको सुरक्षा निकायमा सूचना दिई सहयोग गर्ने, कार्यालयमा भरपर्दो सुरक्षा व्यवस्थाका लागि नियमित पालो पहराको व्यवस्था गर्ने, पालो पहरा बस्ने व्यक्तिको सम्पर्क नम्बर नजीकको सुरक्षा निकायलाई उपलब्ध गराउने, सेवाग्राहीको विवरण राख्ने व्यवस्था मिलाउन भनिएको छ।

## विस्फोटको आरोपमा एकजना पक्राउ

कर्मचारीसहित आठजना घाइते हुने गरी सिराहाको लहानस्थित मालपोत कार्यालयमा भएको बम विस्फोटमा संलग्न रहेको आरोपमा आज साँझ सशस्त्र प्रहरीको टोलीले एकजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा लहान नगरपालिका–१८ भदैयाका २८ वर्षीय बलराम मण्डल रहेका छन्।

मालपोत कार्यालयमा जडान गरिएको सिसिटिभी क्यामेराको आधारमा मण्डलकै संलग्नता रहेको गोप्य सूचनाका आधारमा सशस्त्र प्रहरी बेस क्याम्प सुखीपुरबाट खटिएको टोलीले सुखीपुर नगरपालिका–२ विद्यानगरबाट मण्डललाई पक्राउ गरेको सिराहाका सशस्त्र प्रहरी उपरीक्षक दीपेन्द्र गिरीले जानकारी दिए।

मण्डललाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सिराहामा बुझाइने उनले बताए। सो विस्फोटन गराउने जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी)का कार्यकता रहेको प्रहरीले जनाएको छ। हिजो दिउँसो १ बजे भएको शक्तिशाली बम विस्फोटमा परी मालपोत कार्यालयका कर्मचारी नायब सुब्बा शिवकुमार यादवसहित आठजना घाइते भएका थिए।

सो घटनाको जिम्मेवारी जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) जयकृष्ण गोइत समूहले लिएको थियो।



बम विष्फोटको घटनापछि मालपोत अगाडि एकत्रित स्थानीय। तस्वीरः सौजन्य

# एमालेलाई एकताबद्ध बनाउन साझा अवधारणा बनाइने

काठमाडौं, २ चैत/रासस

नेकपा (एमाले)लाई एकताबद्ध बनाउन साझा अवधारणा निर्माण गरिने भएको छ। एमाले मुख्यालय धुम्बाराहीमा पार्टीका अध्यक्ष तथा प्रधानमन्त्री केपीशर्मा ओली र नेता माधवकुमार नेपाल पक्षबीच पछिल्लोपटक देखिएको तिक्तता मेटाउन बसेको बैठकले पार्टीमा साझा धारणा निर्माण गरेर अगाडि बढ्ने सहमति भएको हो।



प्रधानमन्त्री केपीशर्मा ओली बैठकमा सहभागी हुन जाँदै। तस्वीरः रासस

एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले आजको छलफल निष्कर्षमा नपुगे पनि सकारात्मक भएको बताए। उनले पार्टी एकताबद्ध बनाउन नेताबीच निरन्तर छलफल हुने जानकारी पनि दिए। “अबदेखि नेताहरू विभिन्न चरणमा बसेर छलफल गर्नुहुन्छ। आजको छलफलले साझा धारणा निर्माण गरेको छ,” उनले भने, “यसको जगमा एमालेलाई एकताबद्ध बनाउँदै नयाँ गतिका साथ अगाडि लैजाने आधार सिर्जना गरेको छ।”

नेता ज्ञवालीले सर्वोच्च अदालतले एमाले ब्यूँताउने निर्णयलाई अवसरका रूपमा लिँदै पार्टीलाई सुदृढ बनाउँदै र देखिएका विवादलाई समाधान गर्दै जानुपर्नेमा बैठकमा जोड दिइएको बताए। “बलियो एमालेले मात्र अरू वामपन्थीलाई पार्टी एकतामा जोड्दै सिङ्गो देशलाई एकताबद्ध र नेतृत्व दिन सक्छ भन्नेमा साझा निष्कर्ष निकालेका छौं,” उनले भने। बैठकमा नेपाल पक्षले आफूविना बसेको गत फागुन २८ गतेको केन्द्रीय कमिटी बैठकले गरेका निर्णयमा असहमति जनाएको छ।

प्रवक्ता ज्ञवालीले नेपाललगायत नेताहरूले फागुन २८ गते आफूहरूको उपस्थिति नभएको बैठकले गरेका निर्णयलाई स्थगन गर्न भनेको जानकारी दिए। “हामीले ती निर्णयमा पुनरावलोकन, सुधार र समीक्षा गर्नुछ भने छलफलबाट गर्न सकिन्छ भनेका छौं,” उनले भने, “फागुन २८ गतेको निर्णयलाई अर्को बैठकमा छलफल गर्न सकिने धारणा प्रधानमन्त्री ओलीले राख्नुभयो। बैठक बसिसकेको हुनाले फागुन २८ गतेको निर्णयलाई प्रतिष्ठाको विषय बनाएर जानु जरुरी छैन।” उनले अर्को पक्षको यही चैत ४ र ५ गते गर्ने भनिएको भेलाले पार्टी एकतालाई बल नपुऱ्याउने जनाउँदै केन्द्रीय कमिटी बैठक आपसी परामर्शबाट तय गरौं भनेर आफूहरूले भनेको स्पष्ट पारे।

छलफलमा सहभागी नेता भीमबहादुर रावलले पार्टीलाई कसरी एकताबद्ध बनाएर लैजाने भन्ने विषयमा छलफल भएपनि कुनै निष्कर्ष ननिस्किएको छलफलपछि पत्रकारलाई जानकारी दिए। “फागुन २८ गते केन्द्रीय कमिटीले गरेका निर्णय औपचारिक नभएकाले हामीले मान्दैनौं भन्यौं तर उहाँहरूले त्यसलाई स्वीकार गर्नुभएन,” नेता रावलले भने, “कुरा नमिलेपछि पुन: बैठक बस्ने भनिएको छ।”

उनले सर्वोच्च अदालतले नेपाल कम्युनिस्ट पार्टी (नेकपा)लाई मान्यता नदिई एमाले र नेकपा (माओवादी केन्द्र)लाई ब्यूँताएपछि एमाले २०७५ जेठ ३ गतेभन्दा अगाडिकै स्थितिबाट पार्टी अगाडि बढ्नुपर्ने बताए। उनका अनुसार पार्टीलाई कसरी एकताबद्ध बनाउने भन्नेमा छलफल भएको छ। “एमालेको कुनै पनि फुट स्वीकार गर्दैनौं। पार्टीलाई एकताबद्ध बनाएर सशक्तरूपमा अगाडि बढाउनेमा हामी दृढ छौं,” नेता रावलले भने, “तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) एक भएन, भएन, फेरि पनि एमालेलाई विभाजन गर्ने कुनै पनि क्रियाकलापका विरुद्धमा हामी छौं।”

उनले पार्टीलाई एक बनाउनका लागि विधान, पद्धति र प्रणालीबाट पार्टी सञ्चालन हुनुपर्नेमा जोड दिए। उनले पार्टीको विवाद मिलाउन अहिले र यसअघि भएको निर्णय र गतिविधि स्थगन हुनुपर्ने माग पनि राखे। “फागुन २८ गते भएको निर्णय रद्द गर्ने हो भने हामीले बोलाएको चैत ४ र ५ गतेको राष्ट्रिय भेला पनि स्थगन गरेर साझा धारणाका साथ हामी अगाडि बढ्न तयार छौं,” उनले भने।

एमालेका अध्यक्ष ओलीले नेपाल पक्षको सहभागिताविना पदाधिकारी हेरफेर, प्रदेश कमिटीको कार्यविभाजन, माओवादी केन्द्रबाट आएका नेतालाई केन्द्रीय सदस्यमा मनोनयन र विधान संशोधन गरेपछि दुई समूहबीच तिक्तता पैदा भएको थियो।

आजको छलफलमा अध्यक्ष ओलीसहित महासचिव ईश्वर पोखरेल, नेता विष्णुप्रसाद पौडेल, ज्ञवाली, सुवास नेम्वाङ तथा वरिष्ठ नेता नेपालका तर्फबाट नेपालसहित नेता रावल, घनश्याम भुसाल र सुरेन्द्रप्रसाद पाण्डे सहभागी भएका थिए।



कात्तेविहार सामुदायिक थारू घरवास (होमस्टे) मा थारू वेशभूषामा सजिएका युवती। तस्वीरः रासस

# आगामी शताब्दीका भविष्य कथन

**नवयुगको अरुणोदय नजीकै**

भौतिक विज्ञानी, समाजशास्त्री, अर्थशास्त्री एवं भविष्यविज्ञानीहरूले आआफ्नो ढङ्गबाट आफ्नो क्षेत्रको तथ्यको आधारमा आउने समयको सम्बन्धमा आआफ्नो प्रकारको कल्पना गरेका छन् ।

कसैले त्यसलाई सुपर इन्डस्ट्रियल एजको संज्ञा दिएको छ भने कसैले क्रिएटिभ ह्युमन एज भनेको छ त कसैले केही अन्य नामबाट सम्बोधित गरेको छ। तर एउटा कुरा लगभग सबैले स्विकारेका छन् कि तब मनुष्यको भावनात्मक विकास चरमोत्कर्षमा हुनेछ र प्रायः हरेक कार्य उसको विवेकमाथि आधारित हुनेछ । यस्तै एकजना द्रष्टा मनीषी विक्तोर ग्रिगोयोंविच अफनास्टोप भएका छन्। उनले एउटा पुस्तक लेखेका छन् 'वैज्ञानिक कम्युनिज्मको मूल सिद्धान्त'। त्यस पुस्तकमा उनले भविष्यको लगभग मिल्दोजुल्दो परिकल्पना गरेका छन् ।

नयाँ मानवलाई ढाल्नु एउटा मानव जातिको उज्ज्वल भविष्य शीर्षक अध्यायमा उनले भनेका छन् त्यस कालमा बौद्धिक विकास नै सर्वोपरि हुनेछैन, बल्कि भावना एवं संवेदनाको विस्तारतर्फ अब विशेषरूपले ध्यान दिइने छ । किनभने मानव एउटा अत्यन्त संवेदनशील र भावुक प्राणी हो र विनायसको उन्नयनका समाजमा परिवर्तन ल्याउन असाध्य मात्र होइन असम्भव पनि छ। यसलाई स्पष्ट गर्दै उनले भनेका छन् मानवीय भावनाविना सत्यको लागि न कहिले कुनै मानवीय खोज भएको छ र न हुन नै सक्छ। अतः निकट भविष्यमा व्यक्तिको मौलिक गुण यस रूपमा विकसित हुनेछ जसबाट उसले आफ्नो भावनालाई नियन्त्रित गर्न एवं स्वास्थ्य मनोवेगलाई विकसित गर्ने दिशामा चरण बढाउने छ तथा त्यसलाई आफ्नो तथा समाज कल्याणमा लगाउने छ । जसबाट पिछडिएकाहरू अगाडि बढ्न सक्ने, उठेकाहरू प्रतिभाशाली बन्ने र प्रतिभाशाली आफ्नो क्षमताको सुनियोजन लोक हितमा गर्न सक्नेछन् । यही हो भावना, आकाङ्क्षा, मान्यताको आदर्शवादी उत्कृष्ट स्वरूप, जुन अन्तकरणमा भाव संवेदना बनेर रहन्छ एवं जसको परिष्कृतिपछि कुनै व्यक्ति देवमानव बन्छ ।

### युग परिवर्तन कसरी र कहिले

सामाजिक वातावरणको प्रभाव अन्तर्गत मनुष्यको विकास हुन्छ र उसको परिधिमा भौतिक तत्त्वको साथसाथै आत्मिक तत्त्व पनि आउँछ। यद्यपि भौतिक तत्त्वको तुलनामा स्थूल दृष्टिकोणबाट आत्मिक तत्त्वको महत्त्व कम छ। तर पनि त्यसले मनुष्यको समग्र प्रगतिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । यस अन्तर्गत आफूलाई विश्व वसुधाको अभिन्न अङ्ग मान्छ, सामाजिक तथा वैयक्तिक जीवनमा इमानदारी, जिम्मेवारी, सच्चाइ, नैतिक शुद्धता, नागरिक कर्तव्यको उदार भावना, हरेक सबैका लागि र सबै हरेकका लागि एवं सबै आफ्नो र आफन्तलाई सबैमा मान्ने आस्थाजस्तै तत्त्व सम्मिलित छ। यसको विकासविना न सुख, शान्ति सुरक्षित रहन सक्छ, न व्यक्ति चहुँमुखी विकास गर्न सक्छ आगामी दिन यसैले भरपूर हरेक व्यक्तिमा देखिन्छ ।

शारीरिक र मानसिक कर्मठताप्रति मानिसको आस्था बढ्ने छ। शारीरिक श्रमप्रति तिरस्कारपूर्ण र मानसिक तत्परताप्रति रुझान पनि बदलिन्छ । किनभने विज्ञानको प्रगतिपछि पनि रोबोटले व्यक्तिको स्थान ग्रहण गर्न सक्दैन, जसमा मानवीय उदारता, दयालुता, सौहार्द, विनम्रता र कलात्मक सुरुचिको अभिव्यक्ति हुन्छ । पछिल्लो सदीमा प्रविधि प्रगतिको फलस्वरूप मनुष्यको श्रम गर्ने शक्ति घटेको छ । जापानजस्तो यन्त्रीकृत देशमा त शक्तिको यो अनुपात १५ प्रतिशतबाट घटेर तीन प्रतिशत भएको छ । यसको कारण बिमारीको दर बढेको छ र समयभन्दा पहिले जीर्णताको खतरा उत्पन्न भएको छ, जबकि मानसिक श्रमको साथ शारीरिक श्रमको सन्तुलन अवश्य हुनुपर्छ ।

यही रूसको प्रगतिशीलताको रहस्य हो । एक सर्वेक्षणको क्रममा सोभियत जनप्रतिनिधिको कुल सङ्ख्या २२ लाख छ । यी मात्र वैज्ञानिक क्षेत्रमा व्यस्त रहदैनन्, वरन् चाणक्य, राजा जनक, नसिरुद्दीनसरह आफ्नो निर्वाह स्वयं उपार्जित गर्छन् । यी प्रतिनिधिमा अधिकांश पेशेवर राजनीतिज्ञ छैनन्, अपितु सामूहिक र राजकीय वैज्ञानिक तथा सांस्कृतिक संस्थानमा काम गर्ने व्यक्ति पनि छन् । प्रतिनिधिको रूपमा उनीहरू आफ्नो कर्तव्यको पालन आफ्नो खाली समयमा विनापारिश्रमिक गर्छन् । पेरेस्त्रेइका र ग्लास्तनोस्तजस्ता उदारवादको चीसो हावाको झपेटाका साथ अब यो समाचार रूसमा ठूलो सङ्ख्यामा पाउन थालिएको छ। आगामी सदीको उज्ज्वल भविष्यमा यही स्वरूप सम्पूर्ण विश्वको हुनेछ जसमा निर्धारित शारीरिक श्रमको साथ मानसिक विकासको लागि पनि हरेक नागरिकलाई अवसर पाइने छ जसले उसको बहुमुखी योग्यता विकसित होस् ।

प्रत्येक व्यक्ति राफाएल, चाइकोबकी, गोर्की अथवा पुश्किनजस्ता ख्यातिप्राप्त महामानव एवं सुधारक बन्छ वा बन्दैन तर हरेक व्यक्तिको अन्तरालमा महामानव बन्ने सुनिश्चित सम्भावना विद्यमान छ। यसैलाई विकसित गर्ने नयाँ प्रक्रिया महाकालको प्रेरणाबाट प्रारम्भ हुन्छ जसबाट मानव भ्रामक विचार र मिथ्या धारणाबाट सदाको लागि मुक्त हुनेछ । आफ्नो व्यापक ज्ञानको आधारमा आफ्नो नियतिको स्वामी बन्नेछ । कुप्रचलन, अन्धविश्वास, कुरीतिको विरोध गर्नमा उसको आत्मबल एवं मनोबल डगमगाउने छैन तब त्यो यही विवेकको कसौटीमा कसेर नयाँ प्रतिपादन प्रस्तुत गर्नेछ। त्यस समय हरेक व्यक्ति यस्तो महानता प्राप्त गर्नेछ जसमा उसले मानवीय उदात्त नियम पालना गर्नेछ। आफ्नो विचार, भावना र व्यवहारलाई स्वतन्त्रतापूर्वक समाजको हित अनुरूप नियन्त्रित गर्न सिक्नेछ । मनुष्य चिन्तनशील र संवेदनशील प्राणीको रूपमा विकसित हुनेछ, जसमा समयको अनेकानेक आवश्यकता अनायास पूरा हुनेछ । यसैले मानवी योग्यता एवं प्रतिभावको अधिकाधिक उपयोग गर्दै त्यसको आधारमा उज्ज्वल भविष्यलाई सुनिश्चित बनाउने छ ।

आगामी समयमा जब व्यक्तिको आध्यात्मिकताको उच्चतम अवस्थाको स्थापना हुन्छ तब मनुष्य बल प्रयोगविना अन्तरालको प्रेरणाबाट निर्देशित भएर आफ्नो कर्तव्य बुझ्नेछ र जिम्मेवारीपूर्वक त्यसको निर्वहनमा स्वयंलाई नियोजित गर्नेछ । प्रत्येक मनुष्य आफ्नो योग्यता अनुसार काम गर्नेछ र औसत नागरिक कर्तव्य निर्वहनमा प्रसन्नता अनुभव गर्नेछ। त्यस समय व्यक्ति समष्टिको लागि र समष्टि व्यष्टिको लागि जस्तो भावना नै अन्तरालमा घुम्नेछ ।


युटोपिया जस्तो लाग्ने यस वास्तविकलाई कपोलकल्पित मान्नुहुँदैन अपितु यसमा सय टन्च सत्यतालाई स्विकार्दै तदनुरूप तयारी पनि गर्नुपर्छ। प्रभातकाल जब नजीक आउँछ, तब विभिन्न माध्यमबाट विभिन्न रूपमा हामीले त्यसको पूर्वसूचना पाउँछौं । चराहरू चिरबिर गर्न थाल्छन्, भाले बास्न थाल्छ। युग परिवर्तनको सन्दर्भमा आज यस्तै माहोल छ। अन्तर्राष्ट्रियस्तरमा घट्ने अप्रत्याशित घटनाक्रमलाई हेर्दै हामी यो सहजै अनुमान लगाउन सक्छौं कि परिवर्तनको प्रभाव समुपस्थित भएको छ र हामीले आज भावनात्मक सुषुप्तिबाट जाग्ने तयारी गर्नुपर्छ ।

> **प्रभातकाल जब नजीक आउँछ, तब विभिन्न माध्यमबाट विभिन्न रूपमा हामीले त्यसको पूर्वसूचना पाउँछौं । चराहरू चिरबिर गर्न थाल्छन्, भाले बास्न थाल्छ। युग परिवर्तनको सन्दर्भमा आज यस्तै माहौल छ ।**

# तिब्बतसँग जोड्ने सुरुङमार्गको डिजाइन तयार

भीमेश्वर, २ चैत/रासस

दोलखा जिल्लाको उत्तरी सीमा र चीनको नाका जोड्ने राजमार्ग (१२ किमी) निर्माण शुरू हुने भएको छ । लामाबगरबाट नौ किलोमिटर टाढा पर्ने लप्चीसम्म चाहिं सुरुङमार्ग निर्माण हुनेछ। सञ्चार सूचना तथा प्रविधिमन्त्री पार्वत गुरुङले सोका लागि यसै वर्षमा ठेक्का लाग्ने बताएका छन् ।


प्रतीकात्मक तस्वीर: सौजन्य

सडक विभागले उत्तर–दक्षिण कोरिडोर अन्तर्गत दोलखाको लामाबगरदेखि बन्ने सुरुङमार्गको डिजाइन तयार गरेको छ । सुरुङमार्ग निर्माण गर्नका लागि बहुवर्षीय ठेक्का गर्न अर्थ मन्त्रालयसँग बजेटको सहमति पनि माग गरिएको छ । विभागको गुणस्तर, अनुसन्धान तथा विकास केन्द्रका निर्देशक विजय जैसीका अनुसार यसरी सडक यातायात चलेमा चीनसँग जोडिने छोटो मार्ग बन्नेछ। जैसीका अनुसार आगामी दिनमा नाका खुलाउने योजना अनुसार चीनसँग जोड्ने निकै छोटो दूरीमा पर्ने सो नाका खुलाउन लागिएको छ ।

दोलखाबाट भारत र चीनसँग जोड्ने सो नै उत्तम नाका हुने सूचना तथा सञ्चारमन्त्री गुरुङले बताउँदै आएका थिए। माथिल्लो तामाकोशीको मुखबाट शुरू हुने उक्त मार्ग निर्माणपछि चीनबाट आयात हुने सामान ढुवानी गर्न र दोलखामा उत्पादित तरकारी तथा अन्य बालीको निकासी गर्न सहज हुने स्थानीयवासीले बताए ।

सो मार्ग निर्माण गर्नका लागि माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको हेडवर्क्समाथिको भागमा करीब एक किलोमिटर सुरुङ निर्माण गर्नुपर्नेछ । सो सुरुङसँगै थप नौ किमी सडक निर्माण भएपछि मात्रै चीनसँग नाका जोडिनेछ ।

सो मार्गलाई चीन र भारतसँग जोड्ने नेपालकै छोटो दूरीको सडकका रूपमा लिन सकिने मन्त्री गुरुङले बताएका छन् । चीनको तिब्बतदेखि भारतको भित्तामोठसम्मको सो सडक निकै छोटो दूरीको हुने भएकाले दुवै देशका सामान लैजान र ल्याउनसमेत सहज हुनेछ । भारतको सिमानादेखि लामाबगरसम्म पक्की सडक निर्माण यसअघि नै भएकाले लामाबगरदेखि लप्ची र चीनको नाकासम्म सडक जोड्न बाँकी रहेको स्थानीयवासीले बताएका छन् ।

लप्चीदेखि तिब्बतको फलाकसम्मको १२ किमी सडक निर्माणपछि चीनको सिमानासम्म गाडीमा पुग्न सकिन्छ । यसअघि नै सडक डिभिजन कार्यालय दोलखाले ठेक्का लगाएर तीन किमी ट्र्याक खोलिसकेको छ । राजमार्ग निर्माणपछि भित्तामोठदेखि फलाकसम्म मोटरमा पुग्न सकिनेछ। यसबाट भारत र चीनसँग जोडिने उत्तर–दक्षिण राजमार्ग तयार हुनेछ ।

जैसीका अनुसार यस वर्ष तीन सुरुङमार्गको अध्ययन शुरू भइरहेको छ। सो राजमार्ग काठमाडौं–निजगढ द्रुतमार्ग अन्तर्गत पर्छ । अन्य १७ सुरुङमार्ग अध्ययन सकिने अवस्थामा पुगेको बताइएको छ ।

सुरुङमार्ग निर्माणमा खर्च धेरै लाग्ने भए तापनि दूरीको हिसाबले छोटो हुने भएकाले सङ्घीय सरकारले यस प्रकारका सडक निर्माण गरी समय र आर्थिक भार कम गर्न सके देश विकासमा टेवा पुग्ने स्थानीयवासी बताउँछन् ।

# माडीमा राम मन्दिर बनाउने सरकारको चासो

भक्तपुर, २ चैत/रासस

चितवनको माडीस्थित अयोध्यापुरीमा राम मन्दिर बनाउनेबारे वाग्मती प्रदेश सरकारले चासो लिएको छ ।

यस विषयमा वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलसहित, पुरातत्व विभाग र पर्यटन मन्त्रालयका उच्च अधिकारीको बीचमा बृहत् छलफल भएको छ ।

छलफलका क्रममा राम मन्दिरको वास्तुकलाको बारेमा प्रस्तुति पनि भएको छ। प्रदेश सरकार र सङ्घीय सरकारले संयुक्त रूपमा राममन्दिर निर्माण गर्ने र अन्य अध्ययन पनि सागैसँगै अगाडि बढाउने तयारी गरेका छन । जतिसक्दो चाँडो टेन्डर गरेर राम मन्दिर निर्माण गर्ने र सँगसँगै धाम बनाउने विषयमा आवश्यक अनुसन्धानलाई पनि अगाडि बढाउने निर्णय भएको मुख्यमन्त्रीका स्वकीय सचिव अनुप पौडेलले जानकारी दिए। राम मन्दिरसहित माडीलाई धार्मिक केन्द्र बनाउन बनाइने मास्टर प्लानको बारेमा मन्त्रालयका अधिकारी र मुख्यमन्त्री स्थलगत अध्ययनमा पनि जाने उनले बताए ।

'धार्मिक र आर्थिक विकास गरेर पर्यटकीय आकर्षण बढाउन वाल्मीकी आश्रमदेखि जनकपुरसम्म अध्ययन गर्नुपर्ने देखिएको छ', उनले भने,'अयोध्याको अध्ययन र मन्दिर निर्माण सँगसँगै अगाडि बढाउने तयारी छ ।'

माडी नगरपालिकामा अयोध्याधाम बनाउनका लागि प्रधानमन्त्री केपी ओलीको व्यक्तिगत सहयोगमा भगवान्

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

# २ हजार वर्ष पुरानो कम्प्युटर

करीब २ हजार वर्ष पुरानो कम्प्युटर मानिएको एन्टिकिथेरा मेकानिजम (यन्त्र)को रहस्य पत्ता लागेको छ। वैज्ञानिकले दुई हजार वर्ष पुरानो उक्त यन्त्रले कसरी काम गर्दथ्यो भन्नेबारे पत्ता लगाएका छन् ।

वैज्ञानिकले उक्त कम्प्युटरले कसरी काम गर्छ भन्नेबारे डिजाइन तयार पारेका छन् ।



रोमनकालको उक्त यन्त्र सन् १९०१ मा ग्रीसमा बिग्रिएको एउटा पानीजहाजको भग्नावशेषमा फेला परेको थियो। हातले दम दिएर चलाउनुपर्ने उक्त उपकरण त्यति बेला ग्रहण र अन्य खगोलीय घटनाको गणनालगायत विषयका लागि प्रयोग भएको अनुमान गरिएको छ ।

उक्त उपकरणको एक तिहाइ भाग मात्र भेटिएको छ । जसले गर्दा अनुसन्धानकर्तालाई सग्लो अवस्थामा उक्त उपकरण कस्तो देखिन्थ्यो र त्यसले कसरी काम गर्दथ्यो भन्ने कुरा अध्ययनको विषय बनेको थियो ।

यो उपकरणको पछाडिको भागको विषयमा यसअघि भएको अध्ययनले धेरै कुरा पत्ता लगाएको थियो। उक्त उपकरणमा रहेको गियर मेकानिजमको विषय भने रहस्यमय थियो। सोही मेकानिजमको विषयमा युनिभर्सिटी कलेज लन्डनका वैज्ञानिकहरूले नयाँ रहस्य पत्ता लगाएका हुन्। उनीहरूले थ्रीडी कम्प्युटर मोडलिङ प्रयोग गरेर त्यसको रहस्य पत्ता लगाएका हुन् ।

गियर मेकानिजमको रहस्य पत्ता लागेसँगै उनीहरूले उक्त उपकरणको अग्रभागको पूरै प्रारूप तयार पारेका छन् । आधुनिक सामग्री प्रयोग गरेर एन्टिकिथेरा यन्त्रको प्रतिलिपि तयार गर्न सकिने वैज्ञानिकले बताए ।

शुक्रवार 'साइन्टिफिक रिपोर्ट्स' जर्नलमा प्रकाशित शोधले गियर यन्त्रको पूर्ण रूप र त्यसका हरेक पार्टको विषयमा जानकारी गराएको छ। शोधपत्रका मुख्य लेखक प्राध्यापक टोनी फ्रिथका अनुसार उक्त यन्त्रमा २७ वटा गियर प्रयोग गरिएका छन्। यो उपकरणले आजभन्दा दुई हजार वर्ष पहिला निर्माण भएको प्रविधिलाई दर्शाउने जनाएका छन्। जुन आजको प्रविधिको तुलनामा अझ अब्बल र प्रभावकारी रहेको जनाइएको छ ।

# क्यासेट टेपका आविष्कारक रहेनन्

सन् १९९० को दशकमा बजाइने क्यासेट टेपबारे धेरैलाई थाहा छ। साइड 'ए' र 'बी' ओल्टाइपल्टाइ क्यासेट राखेर गीत घन्काएको पनि धेरैलाई स्मरण होला ।



त्यस क्यासेट टेपका आविष्कारक लु अटनको निधन भएको छ। उनको निधन यही ६ मार्चमा ९४ वर्षको उमेरमा नेदरल्यान्डमा भएको हो। अटन निधनको खबर उनका परिवारले ढिलो गरी यसै साता मात्रै सार्वजनिक गरेका थिए । अटनको निधनले धेरैलाई दुःखी तुल्याएको छ । प्रयोगकर्ताहरूले आफ्ना विगतका दिनहरू सम्झिँदै सामाजिक सञ्जालमा श्रद्धाञ्जलि दिएका छन् । ट्वीटरमा एकजना प्रयोगकर्ताले लेखेका छन्– "मेरो बाल्यकालको सबैभन्दा मनपर्ने क्रियाकलाप 'टेप' हो। मैले टेपमा मिक्स गर्न सिकें र धेरै रेडियो कार्यक्रम त्यसैमा रेकर्ड गरेको थिएँ ।"

त्यस्तै, अर्का ट्वीटर प्रयोगकर्ताले लेखेका छन्– "यो अचम्मको आविष्कारकले सङ्गीतलाई विश्वभर पुऱ्याएको थियो ।"

सन् २०१४ मा टाइमसँग गरेको कुराकानीमा उनले सन् १९६३ मा आफूले तयार पारेको क्यासेट पहिलोपटक विश्वसामु ल्याएको बताएका थिए ।

# चुरोट छाड्दा के हुन्छ ?

सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सिडिसी) अनुसार चुरोटको धूवाँमा ७ हजार प्रकारका केमिकल पाइन्छन्। यो केमिकल हृदयघात, स्ट्रोक र



क्यान्सरलगायत थुप्रै रोगको कारण बन्छ। सबैभन्दा बढी फोक्सोमा असर पर्छ। फोक्सोमा हुने क्यान्सरको कारण १० मध्ये ९ जनाको मृत्युको कारण धुम्रपान हो । तसर्थ धुम्रपान छाड्नुपर्छ ।

हार्ट फाउन्डेशन अनुसार मनुष्यले चुरोट छाड्यो भने हृदयघातको खतरा ५० प्रतिशतसम्म कम हुन्छ । विज्ञका अनुसार चुरोट छाड्दा शरीरमा स्पष्ट परिवर्तन देख्न सकिन्छ । १२ मिनेटपछि रक्तमा कार्बन मोनोआक्साइडको स्तर सामान्य हुन्छ। २० मिनेटपछि धुम्रपानको कारण बढेको हृदयको ढुकढुकी र रक्तचाप सामान्य हुन थाल्छ। दुई दिनपछि सुगन्ध र स्वाद महसूस हुन थाल्छ किनभने नसाले आफ्नो मरम्मत गर्छ। एक महीनापछि फोक्सोले आफ्नो मरम्मत गर्छ र खोकी कम हुन्छ र सास फेर्न सजिलो हुन्छ। एक वर्षपछि हृदयरोगको खतरा कम हुन्छ र फर्टिलिटी बढ्छ। पाँच वर्षपछि धमनीमा रक्तसञ्चार सही हुन्छ र कैयौं प्रकारका क्यान्सरको खतरालाई घटाउँछ । १० वर्षपछि फोक्सोको क्यान्सरको खतरा शून्य बराबर हुन्छ। १५ वर्षपछि मुटु सामान्य व्यक्तिसरह हुन्छ ।

चुरोट पिउन छोड्दा छालामा चमक आउँछ, कमरको वरपर बोसो घट्छ, मधुमेहको खतरा कम हुन्छ। चुरोट छाडेपछि आँखामा हुने क्षति समाप्त हुन्छ। आँखाको ज्योति राम्रो हुन थाल्छ र राति स्पष्ट देखिन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## नेदरल्यान्ड्समा आमनिर्वाचन, तीन दिन मतदानको व्यवस्था

दी हेग, २ चैत/एएफपी

युरोपेली मुलुक नेदरल्यान्ड्समा सोमवारदेखि संसद्का लागि मतदान शुरू भएको छ।



तस्वीरः एएफपी

कोरोना भाइरसका कारण ठप्पझैं भएको युरोपको जनजीवनमा यो पहिलो राष्ट्रव्यापी राजनीतिक अभियान हो। प्रधानमन्त्री मार्क रूटले यस चुनावमा विजयी हासिल गर्ने सम्भावना छ।

कोभिड–१९ को प्रसार रोक्ने उद्देश्यले रातिको कर्फ्यूसमेतका अति कडा प्रतिबन्ध र लकडाउन गरेको नेदरल्यान्ड्समा सोमवार बिहान ७:३० बजेदेखि मतदानस्थल खुला गरिएका छन्। कोभिडको जोखिममा रहेका व्यक्तिका लागि सोमवार र मङ्गलवार मतदानको व्यवस्था मिलाइएको छ भने बुधवार सबैलाई मतदान गर्ने अवसर दिइएको छ। एएफपीका पत्रकारका अनुसार दी हेगस्थित मडुरोडाम पार्कमा मतदानका लागि केही मानिस देखा परेका थिए।

मतदानअघि आइतवार प्रधानमन्त्री रूटविरोधी प्रदर्शन नियन्त्रण गर्न प्रहरीले प्रदर्शनकारीमाथि पानीको फोहोरा प्रयोग गर्नुपरेको थियो। दोस्रो विश्वयुद्धपश्चात् पहिलोपटक दी हेगमा कर्फ्यू लगाइएको भन्दै प्रधानमन्त्री रूटका विरुद्धमा प्रदर्शनहरू गरिएका थिए।

तर सन् २०१० देखि सत्तामा रहेका प्रधानमन्त्री रूटको गठबन्धन नै यसपटक पनि विजयी हुने अनुमान गरिएको छ। यो विजयपछि उनले युरोपेली मुलुकमध्ये सबैभन्दा लामो समय सत्तामा रहने रेकर्ड बनाउनेछन्।

पछिल्ला चुनावी मतसर्वेक्षणमा रूटको पार्टी भिभिडीले करीब २५ प्रतिशत मत प्राप्त गर्ने देखाएको छ। रूटको निकटतम प्रतिद्वन्द्वी पार्टी पिभिभीले करीब १३ प्रतिशत मत प्राप्त गर्ने मतसर्वेक्षणले देखाएका छन्।

नेदरल्यान्ड्सका अधिकारीहरूले कोभिडको जोखिममा रहेका बढी उमेर समूहसमेतका व्यक्तिलाई अन्तिम दिनको साटो पहिल्यै मतदान गर्न आह्वान गरिएको छ।

गत साता प्रधानमन्त्री रूटले राति ९ देखि बिहान ४:३० बजेसम्म लगाइएको कर्फ्यू मतदानलाई विचार गरी केही सहज बनाइने जानकारी दिएका थिए।

सन् २०१७ को चुनावमा अतिदक्षिणपन्थी नेता गर्ट विल्डर्सले ब्रेक्जिट र ट्रम्पको लोकप्रियताबाट आफूले निकै फाइदा लिन सक्ने अनुमान गरिएको थियो, तर अहिले परिस्थिति फरक भइसकेको छ।

ब्रेक्जिट र ट्रम्प दुवै विषय अहिले ओझेलमा परेकाले विल्डर्सको दलले प्रधानमन्त्री रूटलाई विस्थापित गर्ने सम्भावना कमजोर भएको छ।

"अहिलेकै सरकार लोकप्रिय छ, र प्रधानमन्त्री रूटको लोकप्रियता घटेको छैन," विल्डर्सले एएफपीसँगको अन्तर्वार्तामा स्वीकार गरे। रासस

## ब्रजीलमा कोभिडबाट १ करोड १४ लाखभन्दा बढी सङ्क्रमित

साओ पाओलो, २ चैत/सिन्ह्वा

ब्रजीलमा कोभिड–१९ बाट सङ्क्रमित हुनेको सङ्ख्या १ करोड १४ लाख नाघेको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरूले जानकारी दिएका छन्।

अधिकारीहरूका अनुसार यहाँ कोभिडका कारण सङ्क्रमित हुनेको सङ्ख्या १ करोड १४ लाख ८३ हजार ३७० जना पुगेको छ।

यसका साथै यहाँ पछिल्लो समयमा मृत्यु हुनेको सङ्ख्या पनि दिन प्रतिदिन बढ्दै गएको बताइएको छ। यहाँ अहिलेसम्म यो सङ्क्रमणबाट ज्यान जाने व्यक्तिको सङ्ख्या २ लाख ७८ हजार २२९ भएको छ।

आइतवार दिइएको समाचार अनुसार यो सङ्क्रमणबाट गएको २४ घण्टायता मात्र ४३ हजारजनाभन्दा बढी व्यक्तिमा यसको सङ्क्रमण देखिएको छ। त्यसैगरी, गएको २४ घण्टामा मात्र यो सङ्क्रमणबाट एक हजार १२७ जनाको ज्यान गएको छ।

यसरी यहाँका अधिकारीहरूले दिएको जानकारी अनुसार यो सङ्क्रमण ब्रजीलमा दिन प्रतिदिन बढिरहेको छ।

मृत्यु हुनेहरूमा पछिल्लो समयमा २० देखि ५० वर्षसम्मका नागरिक रहेका पनि बताइएको छ। रासस


ब्राजिलको साओ पाओलोमा कोरोनाको जाँच गराउँदै एक महिला। तस्वीरः सिन्ह्वा

## मङ्गोलियामा आँधीबेहरीमा परी छजनाको मृत्यु

उलान बाटोर, २ चैत/सिन्ह्वा

मङ्गोलियामा भीषणरूपमा आएको धूलोसहितको आँधीबेहरी र हिमआँधीमा परी गत एक हप्ताभित्र कम्तीमा छ व्यक्तिको मृत्यु भएको देशको राष्ट्रिय आपत्कालीन व्यवस्थापन निकाय (नेमा) ले सोमवार जानकारी दिएको छ। उक्त आँधीहरूमा हराएका ५४८ जनामध्ये ४६७ जना जीवित भेटिएका नेमाले जनाएको छ।

दुर्भाग्यवश दक्षिणी प्रान्त डन्डगोभीमा पाँच व्यक्तिको मृत्यु भएको र आँधीबेहरीका कारण मध्यपश्चिमी प्रान्त अर्खनाईमा एक पाँच वर्षको बालकको मृत्यु भएको बताइएको छ।

हराइरहेको व्यक्तिको खोजी भइरहेको पनि नेमाले जनाएको छ। आँधीबेहरीमा कैयौं प्रान्त र विशेषगरी डन्डगोभी प्रान्तमा विद्युतीय लाइनहरू काटिएको जनाइएको छ।

मङ्गोलियामा धूलोसहितको आँधीबेहरी र हिमआँधी प्रायः आउने गरेको पाइन्छ। रासस

### माडीमा राम मन्दिर....

राम र सीताको मूर्ति तयार भएको छ। मूर्ति प्रधानमन्त्रीको सचिवालय बालुवाटार परिसरमा राखिएको छ। प्रधानमन्त्री ओलीको सौजन्यमा झन्डै पाँच फिट अग्लो राम र सीताको मूर्ति तयार भएको बताइएको छ। आगामी वर्षको रामनवमीमा सो मूर्तिलाई प्रतिस्थापन गरिने योजना बनाइएको छ।

प्रधानमन्त्री ओलीले गत माघ १७ गते भरतपुरमा आयोजित जनसभालाई सम्बोधन गर्दै अयोध्यापुरीमा अयोध्याधाम निर्माण गर्न बृहत् गुरूयोजना बनिसकेको र राम सीताको मूर्ति तयार भइसकेको बताएका थिए। माडी नगरपालिकाले कृष्णनगर पार्कमा राख्ने गरी १०० बिघा जग्गासहित अयोध्याधाम बनाउन सिफारिस गरेको छ। गएको असार २९ गते प्रधानमन्त्री केपी शर्मा ओलीले भगवान रामको जन्म नेपालमै भएको दाबी गरेपछि चितवनको माडी नगरपालिकाको चर्चा चुलिएको थियो।

## गोलाई लोड ट्याक्टर पल्टियो

प्रस, निजगढ, २ चैत/

सरकारले वनक्षेत्रको पैदावरहरू समिति कोल्हवी अन्तर्गतको भलुवाहीखोर वनक्षेत्रमा रहेको त्यसबेला काटिएका वन वन पैदावरहरूसमेत यथास्थानमैं सुरक्षित राख्न निर्देशन दिएको थियो।


ट्याक्टर पल्टिंदा त्यसमा लोड गोलिया मिलाउँदै मजदूर। तस्वीरः जीतलाल श्रेष्ठ

कटान, बिक्री वितरण गर्न झन्डै एक वर्षअघिदेखि रोक लगाएको छ।

सबै प्रक्रिया पूरा गरी कटान आदेश पाई धमाधम रूख कटान गरेपछि जुन अवस्थामा छ, त्यही अवस्थामा यथास्थानमा राख्न निर्देशन दिए पनि अहिलेसम्म सो निर्देशन फुकुवा नगर्दा वन पैदावरहरू असुरक्षित हुन सक्ने देखिएको छ।

तामागढी साझेदारी वन व्यवस्थापन पैदावर गोलिया सुरक्षित स्थानमा राख्न ल्याउँदै गरेको गोलिया लोड ट्याक्टर पल्टिएको तामागढी साझेदारी वन व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र पनुहरले बताए।

गत वर्ष सो वनक्षेत्रमा ढलापडा, सुखल खडा रूख कटान गर्न डिभिजन वन कार्यालय बाराले सबै प्रक्रिया पूरा गरी आदेश दिएसँगै रूख कटान गरिरहेको समयमैं सरकारले देशभरका वनमा कटान रोकेसँगै रहेका

लामो समयसम्म ती गोलियाहरू वनक्षेत्रमैं छोडिराख्दा चोरी हुन सक्ने, वन डढेलोले नष्ट हुन सक्ने भन्दै डिभिजन वन कार्यालय बाराले सुरक्षित स्थान घाटगड्डीमा राख्ने पत्र दिएपछि गोलिया ल्याउँदै गर्दा सो दुर्घटना भएको जनाएको छ।

राजमार्गको निजगढस्थित भमरा सडकमा सो ट्याक्टर पल्टिए पनि कुनै मानवीय क्षति भने नभएको निजगढ प्रहरीले जनाएको छ।

## जङ्गली जनावरको कारण किसानलाई तनाव

प्रस, महोत्तरी, २ चैत्त/

जङ्गली जनावरको कारण महोत्तरीका किसान तनावमा छन्। जिल्लाका किसानले लगाएका हिउँदे बाली जङ्गली जनावरले सखाप पारेको छ। जिल्लाका मटिहानी, भङ्गाहा, जलेश्वर, मनरासिस्वा, बलवा, लोहारपट्टि र गौशाला नगरपालिकासहित पिपरा, एकडारा, सम्सी, सोनमा गाउँपालिकामा जङ्गली जनावरले बाली सखाप पारेको हो।

केही रातदेखि जङ्गली जनावर बथानै आएर खेतबारीमा लगाइएका हिउँदे बाली खाइदिएको किसानहरूको गुनासो छ। जिल्लाका विभिन्न क्षेत्रका सयौं बिघा क्षेत्रफलमा लगाइएका तरकारी, दलहन, तेलहन, गहुँ बाली र फलफूल बालीमा जङ्गली जनावरले क्षति पुऱ्याइरहेको छ। जङ्गलबाट विशेषगरी नीलगाई, घोरगधा र बँदेल बस्तीमा प्रवेश गरी उत्पात मच्चाउने गरेको किसानले बताएका छन्। दिनभरि वनक्षेत्रमा लुकेर बस्ने र राति बस्तीमा प्रवेश गर्ने जनावरबाट बाली जोगाउन रातभर जाग्रम बस्नुपरेको बलवाका किसान रामप्रीत साहुले बताए। कैयौं रात जाग्राम बसे पनि फेरि एक दिन मौका पारेर जनावरले बाली विनाश गरिदिने हुँदा सारा मेहनत बालुवामा पानीझैं हुने गरेको किसान साहुले दुःखेसो पोखे। जङ्गली बँदेलले बालीनाली खाइदिनुका साथै खेतको आली एवं बोटबिरुवा खनेर तहसनहस गर्ने गरेको उनले बताए।

जङ्गली जनावर धपाउन स्थानीयवासीले समूह बनाएर गस्ती गर्ने गरेका छन्। मानिस आएको जनावरले टाढैबाट थाहा पाउने र उनीहरू तुरुन्तै भागेर जङ्गल पस्ने गरेका छन्। मानिस फर्किएपछि मानिसको पछिपछि फर्किएर खेतमा पस्ने र बाली नाश गर्ने गरेको सम्सीका किसान लालबाबू हलुवाईले बताए।

जङ्गली जनावर नआउँदा महोत्तरीका कैयौं स्थानीयस्तरमा किसानको मुख्य नगदेबाली हिउँदेबाली नै थियो। केही वर्षयता जङ्गली जनावर बस्तीमा पस्न थालेपछि भने किसान हिउँदेबालीको आम्दानीबाट वञ्चित हुन थालेका छन्।

जिल्लाका विभिन्न वनजङ्गल र खोला किनारामा रहेका झाडी, काँश घारी एवं बुट्यानहरू पनि जङ्गली जनावरको लागि लुक्ने ठाउँ बनेको छ।

जङ्गली जनावरले पुऱ्याइरहेको क्षतिबारे स्थानीय पालिकालाई जानकारी गराइएको भएपनि जनावर नियन्त्रण तथा पीडित किसानलाई राहत क्षतिपूर्तिका लागि कुनै पहल नभएको किसानको गुनासो छ।

### वातावरण संरक्षण....

दूरीको उक्त कार्यक्रममा पूर्वप्रधानसेनापति गौरवशम्शेर जबरा, विश्व साइकलयात्री तथा मुलुकको पर्यटन क्षेत्रमा आबद्ध सङ्घसंस्थाका प्रतिनिधि सहभागी थिए। उक्त साइकल दौडमा २२० सहभागी थिए।

सेना दिवसकै अवसरमा ४ नं वाहिनी अड्डाले बाँके र बर्दियाको पर्यापर्यटन, प्रकृति संरक्षण प्रवर्द्धन, प्रचारप्रसार एवं वातावरण संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले २१ किमी दूरीको प्रकृति संरक्षण दौडको आयोजना गऱ्यो।

उक्त प्रतियोगितामा पुरुषतर्फ शिवबहादुर रायमाझी प्रथम, भेषराज बाँस्तोला द्वितीय र ललित शाही तृतीय भए।

महिलातर्फको १० किमी दूरीको प्रतियोगितामा रोजिना भण्डारी प्रथम, सीता चौधरी द्वितीय र पूर्णिमा खड्का तृतीय स्थान प्राप्त गर्न सफल भए।

सोही उपलक्ष्यमा वाहिनीले २५ किमी दूरीको पहिलो प्राकृतिक संरक्षण साइकिल दौड प्रतियोगिता आयोजना गरेको थियो।

साइक्लिङतर्फ सुरज राना प्रथम, बाबुराम विश्वकर्मा द्वितीय र जितु चौहान तृतीय भए।

महिलातर्फ सुनसरीका इन्द्रकुमारी तामाङ र विदिशा चौधरी तथा नेपालगंजकी पार्वती सार्की क्रमशः प्रथम, द्वितीय र तृतीय भएका थिए।

### मोटरसाइकल हराएको सूचना

चेसिस नं MD2A11CY3HRC35781 र इन्जिन नं DHYRHC72276 भएको ना.४८प ५९९३ नम्बरको १५० सीसीको बजाज कम्पनीको पल्सर मोटरसाइकल २०७७।११।०१ गते राति करीब ११:५० बजे बारा निजगढ नगरपालिका–९ स्थित आफ्नै घरअगाडि पार्किङ गरिराखेको ठाउँबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८४५१६६२२२ मा खबर गरिदिनुहुन अनुरोध गरिन्छ। फेला पार्नुहुनेलाई पुरस्कार पनि दिइनेछ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – प्रगति | कन्या – वादविवाद |
| तुला – व्यापारवृद्धि | वृश्चिक – कडाश्रम |
| धनु – सुसमाचार | मकर – भयचिन्ता |
| कुम्भ – विजय | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

रोहित इन्टरप्राइजेज, पर्सा
हिरो मोटरसाइकलको आधिकारिक डिलर नरहेको सूचना

पर्सा जिल्ला बिरगञ्ज महानगरपालिका स्थित श्री संजय कुमार प्रोप्राइटर रहेको रोहित इन्टरप्राइजेज् सँगको डिलरसिप सम्झौता मिति २०७७/११/११ देखि खारेज (समाप्त) भइसकेको हुनाले तत्पश्चात निजले हिरो मोटरसाइकल तथा पार्टस्को बिक्री वितरण गर्न र सर्भिस उपलब्ध गराउन नहुने/नमिल्ने भएको व्यहोरा सर्वसाधारणमा जानकारी गराईन्छ। साथै, हिरो मोटरसाइकल तथा स्कुटरको आधिकारिक डिलरबाट मात्रै हिरो मोटरसाईकल, स्कूटर तथा पार्टस् खरिद गर्न र सर्भिस प्राप्त गर्न हुन ग्राहक महानुभावहरुमा अनुरोध गरिन्छ।

नेपाल जेनरल मार्केटिङ्ग प्रा. लि.
पो. ब. नं.: १३३ ज्योति भवन, १९११
कान्तिपथ, काठमाडौं, नेपाल
फोन नं.: ४२४८९४९, ४२२५४९०
NGM | Hero

Om Advertising
A Complete art Solution
3D Flex Print 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703

Admission Open
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

Poonam Arts
......A Complete art Solution
- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653

# हेमनारायण चौधरीको श्रद्धाञ्जलिसभा

प्रस, सेढवा, २ चैत/

थारू कल्याणकारिणी समिति, पर्साको आयोजनामा समितिका पूर्वअध्यक्ष हेमनारायण चौधरीको निधन भएको १३औं दिनको पुण्यतिथिमा सोमवार श्रद्धाञ्जलिसभा सम्पन्न गरिएको छ।




पटेर्वासुगौली गापा–५ देउरियास्थित स्व चौधरीको घरमा आयोजित श्रद्धाञ्जलिसभामा नेकाका सुरेन्द्रप्रसाद चौधरी, एमाले पर्साका अध्यक्ष प्रभु हजरा, संविधानसभा सदस्य प्रद्युम्न चौहान, जयप्रकाश थारू, थाकस पर्साका सचिव भागवतप्रसाद थारू, पर्सागढी नगरपालिकाका नगरप्रमुख लोकनारायण यादव, उपप्रमुख अर्चना चौधरी, नेपाल शिक्षक महासङ्घ पर्साका अध्यक्ष तीर्थराज यादव, थारू नागरिक समाज पर्सा, बारा, रौतहटका अध्यक्ष प्रमानन्द चौधरी, थारू शिक्षक सङ्घ पर्साका अध्यक्ष बिन्दा चौधरी, जरी लामा, मोहन दास थारू, रामेश्वर महतो थारूलगायतले श्रद्धाञ्जलि अर्पण गरेका थिए।

थारू कल्याणकारिणी समिति पर्साका कावा अध्यक्ष ठाकुरप्रसाद महतोको अध्यक्षता तथा थापसका केन्द्रीय उपसभापति विष्णुकुमारी चौधरीको प्रमुख आतिथ्यमा श्रद्धाञ्जलिसभा भएको थियो।

सो सभामा थारू पत्रकार सङ्घ नेपाल पर्साका अध्यक्ष ओमप्रकाश चौधरीले स्व चौधरीको स्मृतिमा पत्रकारिता पुरस्कारको घोषणा गरे। उनले थारू पत्रकारिता पुरस्कार स्थापना गरी २०७८ देखि नगद राशिसहित जिल्लाका उत्कृष्ट थारू पत्रकारलाई सो पुरस्कार प्रदान गरिने घोषणा गरे।

# सञ्चारकर्मीद्वारा महानगरसँग सूचना माग


सूचना अधिकारी कर्णलाई निवेदन दिंदै पत्रकार तिवारी। तस्वीरः सौजन्य

प्रस, वीरगंज, २ चैत/

वीरगंज महानगरपालिकासँग स्थानीय सञ्चारकर्मीले सूचनाको माग गर्दै निवेदन दर्ता गरेका छन्।

प्रेस चौतरी नेपाल पर्साका अध्यक्ष एवं नेपाल पत्रकार महासङ्घ, पर्साका उपाध्यक्ष अनुप तिवारीको अगुवाइमा महानगरका सूचना अधिकारी अरविन्दलाल कर्णसँग महानगरपालिकाले सामाजिक विकास शाखामार्फत गरेका काम कारबाईहरूको विवरण माग गरिएको छ। सूचनाको हक माग्दै सञ्चारकर्मीहरूले सो महाशाखाले कुन कुन संस्थासँग काम गरेको, उनीहरूको दर्ता, करचुक्ता, अभिलेखीकरणका साथै सोसम्बन्धी कुन कुन ठाउँमा कार्यक्रम गरी वडाहरूमा भएका वृत्तचित्रहरूको विवरण र पत्रकारसम्बन्धी संस्थाहरूमार्फत भएका कामको पनि विवरण माग गरिएको छ।

निवेदन बुझ्दै सूचना अधिकारी कर्णले माग भएका सूचना कानूनसम्मतरूपमा अविलम्ब उपलब्ध गराउने आश्वासन दिए।

# दण्ड–जरिवानाबाट पाँच लाख राजस्व

प्रस, सिराहा, २ चैत/

सिराहाको गोलबजारस्थित अस्थायी ट्राफिक प्रहरी पोस्टले एक महीनाको अवधिमा सवारी कारबाईबाट पाँच लाख १० हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ। ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधनलाई कारबाई गरी सो राजस्व सङ्कलन गरिएको हो।

बितेको फागुन १ देखि २९ गतेसम्मको अवधिमा ट्रफिक प्रहरी पोस्टले आफ्नो क्षेत्रबाट ८५० सवारीसाधनलाई कारबाई गरी उक्त राजस्व सङ्कलन गरेको हो। ट्राफिक जाँचका क्रममा सबैभन्दा बढी मोटरसाइकल कारबाईमा परेको अस्थायी ट्राफिक पोस्टका प्रहरी सहायक निरीक्षक सुरेशप्रसाद यादवले बताए।

ओभरलोड, प्रयोजनविपरीत प्रयोग भएका सवारीसाधन, दुईजनाभन्दा बढी चढेका तथा हेल्मेट नलगाइ चलाएका मोटरसाइकललगायत सवारीसाधनलाई कारबाई गरिएको प्रहरी निरीक्षक यादवले बताएका छन्।






# खेलकूदको संसार

## चर्चित पहलमान देवा थापा १७ किलोको चाँदीको गदाबाट पुरस्कृत

प्रस, परवानीपुर, २ चैत/

अन्तर्राष्ट्रियस्तरमा कुश्ती खेलका चर्चित नेपाली पहलमान देवा थापालाई बारामा सोमवार सम्मानित गरिएको छ।

बाराको पचरौता नगरपालिकाको बेलदारीमा सम्पन्न दुई दिने नेपाल–भारत अन्तर्राष्ट्रिय कुश्ती प्रतियोगितामा अत्यधिक सातपटकसम्म विजेता बनेकोमा उनलाई १७ किलोको चाँदीको गदासहित पुरस्कृत गरिएको हो।




नेपाली काङ्ग्रेसनिकट खेलकूद विभागको आयोजनामा स्व खुमबहादुर खड्का स्मृति अन्तर्राष्ट्रिय कुश्ती प्रतियोगिताको स्थानीय आयोजक र खेलकूद विभागका सदस्य मणिभूषण यादवले थापालाई गदासहित सम्मानित गरेका थिए। प्रतियोगिताको उद्घाटन पूर्वप्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले आइतवार गरेका थिए।

## यादव र भण्डारी नवप्रतिभाशाली खेलाडी घोषित

प्रस, सप्तरी, २ चैत/

सप्तरीको राजविराजमा सोमवार सम्पन्न देवसुन्दर स्मृति प्रथम राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा सप्तरीकी १६ वर्षीया सरिता यादव र कञ्चनपुरका १९ वर्षीय अशोकसिंह भण्डारी नवप्रतिभाशाली खेलाडी घोषित भएका छन्।

राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा महिलातर्फ यादव र पुरुषतर्फ भण्डारीले आआफ्नो तौल समूहमा स्वर्ण पदक हासिल गर्नुका साथै नवप्रतिभाशाली खेलाडी घोषित भएका हुन्।



प्रतियोगिताको स्ट्रङ्गेस्ट खेलाडी घोषित नेपाल पुलिस क्लबकी तारादेवी पुन र कञ्चनपुरका सुवास उपाध्याय। तस्वीरः रासस

नवप्रतिभाशाली यादवले प्रतियोगिताको महिलातर्फ ५९ किलो तौल समूहमा जुनियरतर्फ स्न्याचमा ५० किलो र क्लिन एन्ड जर्कमा ६० किलो तौल उचालेर कुल ११० किलो भारवहन गरिन्।

उक्त समूहमा स्न्याचतर्फ ४० र क्लिन एन्ड जर्कतर्फ ५० गरी कुल ९० किलो भारवहन गरी बर्दियाकी ललिता हेमरानले द्वितीय स्थान हासिल गरिन्।

नवप्रतिभाशाली खेलाडीमा पुरुषतर्फ कञ्चनपुरका अशोकसिंह भण्डारीले ६७ किलो तौल समूहमा स्न्याचतर्फ ७६ किलो र क्लिन एन्ड जर्कमा १०२ गरी कुल १७८ किलो भारवहन गरेका थिए। उक्त समूहमा बाँकेका तुषार बुढामगरले स्न्याचमा ६७ र क्लिन एन्ड जर्कमा ९० किलो गरी कुल १५७ किलो भारवहन गरेर दोस्रो स्थान हासिल गरे भने पर्साका नीरजकुमार गुप्ता स्न्याचमा ७० र क्लिन एन्ड जर्कमा ८० गरी कुल १५० किलो उचालेर तृतीय भए।

त्यसैगरी, आइतवार राति भएको खेलमा नेपाल पुलिस क्लबकी तारादेवी पुन र कञ्चनपुरका सुवास उपाध्याय स्ट्रङगेस्ट खेलाडी घोषित भएका थिए।

राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक विजेता पुनले स्न्याचमा ६७ किलो र क्लिन एन्ड जर्कमा ९० किलो तौल उचालेका थिए भने सिनियर महिलातर्फ ८७ किलोग्राम तौल समूहमा कुल १५७ किलो तौल उचालेर प्रथम भएकी पुन प्रतियोगिताको स्ट्रङ वुमनसमेत घोषित भइन्। उक्त तौल समूहमा बाराका आसिफ हुसेन स्न्याचमा १०७ र क्लीन एन्ड जर्कमा १२० गरी कुल २२७ किलो तौल उचालेर रजत पदक हात पारे। त्यसैगरी, बर्दियाका रोशन बिसीले स्न्याचमा ७० र क्लीन एन्ड जर्कमा १०५ गरी कुल १७५ किलो तौल उचालेर कास्य पदक प्राप्त गरे। पुरुष १०२ किलो तौल समूहमा नेपाल प्रहरीका सागर भण्डारीले कुल २२२ किलो उचालेर प्रथम भए।

सशस्त्र प्रहरी बलका रणबहादुर नगरकोटी कुल २१६ किलो उचालेर द्वितीय र नेपाली सेनाका विकास खड्का कुल २०५ किलो उचालेर तृतीय भए। पुरुष सिनियरतर्फ १०९ किलोमाथिको समूहमा नेपाल प्रहरीकै राजेश महर्जनले स्वर्ण पदक हासिल गरे। महर्जनले स्न्याचमा १०७ र क्लिन एन्ड जर्कमा ११५ गरी कुल २२२ किलो तौल उचालेका थिए।

राजविराजमा भएको राष्ट्रिय प्रतियोगितामा विभागीय तीनै टोलीका साथ २० जिल्लाका ४७ महिलासहित १२० खेलाडी सहभागी थिए।

# लहानमा निश्शुल्क आँखा शिविर

प्रस, सिराहा, २ चैत/

लहान नगरपालिकामा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ। सोमवार सम्पन्न एक दिने शिविरमा २६५ जनाले आँखा जाँच गराएका छन्।

लहान–५ स्थित विलट साह रौनियार होमियोप्याथिक अस्पतालमा सञ्चालित शिविरमा नगर क्षेत्रका बासिन्दाको आँखासम्बन्धी समस्याबारे चेकजाँच गरिएको थियो।

नगरपालिकाको स्वास्थ्य शाखाको संयोजनमा सगरमाथा चौधरी आँखा अस्पतालले शिविर आयोजना गरेको हो। शिविरमा परीक्षण गराएकामध्ये ७५ जनामा मोतीबिन्दु फेला परेको र उनीहरूलाई निश्शुल्क शल्यक्रियाका लागि अस्पताल पठाइएको नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख रामसुन्दर यादवले जानकारी गराए।

उपभोक्ताको स्वास्थ्यसँग.....

संरक्षण कार्यालय, पर्साका प्रमुख जीतबहादुर भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय उपभोक्ता मञ्चका प्रदेश अध्यक्ष रामदेवलाल दास, पर्सा अध्यक्ष दिनानाथप्रसाद गुप्तालगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका निवर्तमान अध्यक्ष गोपाल केडिया, व्यवस्थित वीरगंज अभियानका दिलीपराज कार्कीलगायतको सहभागिता थियो।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, पर्साका सूचना अधिकारी खड्ग खत्वेले प्रदेश २ का धनुषा, सप्तरी, पर्सालगायतका जिल्लाहरूमा उपभोक्ता सचेतनाका लागि ऱ्याली, माइकिङ गरिनुका साथै पोस्टर र पम्प्लेट वितरण गरिएको बताए।


**गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं।**

- सलाई, लाइटर जस्ता आगो बाल्ने सामग्रीहरू बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय–समयमा निरीक्षण गरौं।
- चुरोट, बिंडीजस्ता वस्तुहरू प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजेल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीका घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरू चालू अवस्थामा राखौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग